का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ असार २०८२,
आइतबार
15 June, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १३३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# इजरायलमा ७ हजार नेपालीको चिन्ता

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३१ जेठ

इजरायलले इरानमाथि आक्रमण गरेपछि चर्किएको युद्धका कारण त्यहाँ (इजरायलमा) रहेका नेपालीको चिन्ता बढेको छ ।

श्रमका लागि इजरायलको विभिन्न स्थानमा कार्यरत श्रमिक नेपालीहरूले असुरक्षित महसुस गरिरहेको बताएका छन् । इजरायलले इरानमाथि हवाइ आक्रमण गरेपछि जवाफमा इरानले पनि मिसाइल र ड्रोन आक्रमण गर्दा इजरायलमा नेपालीहरू त्रासमा परेका हुन् ।

नेपालीहरू आकाशमा उडिरहेको मिसाइल कहाँ कतिखेर पड्किन्छ भन्ने डर बढेको बताउँछन् । युद्धको सन्त्रासका कारण नेपालीहरू सुरक्षित स्थान तर्फ सरेका छन् । धेरै नेपाली सुरक्षित हुन बंकरमा बास बसेका छन् । इजरायलले शुक्रबार बिहानै इरानमाथि व्यापक हवाई आक्रमण गरेपछि दुई देशबीच युद्ध चर्किएको हो ।

इजरायलले गरेको आक्रमणमा इरानी सेनाका प्रमुख मोहम्मद बाघेरी, इरानी रिभोलुसनी गार्ड्सका प्रमुख हुसेइन सलामी, वरिष्ठ कमान्डर घोलम अली रसिद लगायतको मृत्यु भएको छ ।

इरानको नातान्जस्थित आणविक प्रशोधन केन्द्रलक्षित आक्रमणमा ६ आणविक वैज्ञानिकको समेत मृत्यु भएको छ । इरानी समाचार संस्था तस्निमका अनुसार आणविक वैज्ञानिकहरू अब्दुलहामिद मिनुचेहर, अहमदरेजा जोलफाघारी, सैयद अमिरहुसैन फक्री, मुतलबिजादेह, मोहम्मद मेहदी तेहरान्ची र फरेदुन अब्बासीको ज्यान गएको हो । >>> पृष्ठ २ मा



*इजरायली सुरक्षा बलहरूले शनिबार तेलअभिभ नजिकैको रमात गानमा इरानबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्रले क्षति पुऱ्याएका आवासीय भवनहरू निरीक्षण गरिँदै । तस्बिर : एपी*



"नेपाली श्रमिकहरू सुरक्षित छन् । हामी नियमित सम्पर्कमा छौं । कुनै समस्या या संकट आए खबर गर्न आग्रह गरेका छौं

■ **धनप्रसाद पण्डित**
**राजदूत, इजरायल**

## नेपाली सुरक्षित

इजरायल र इरानबीचको द्वन्द्व चर्केदा त्यसको प्रभाव समग्र मध्यपूर्व क्षेत्रमा फैलिन्छ । मध्यपूर्वमा तनाव चुलिँदा त्यहाँ काम गरिरहेका लाखौं नेपाली श्रमिकहरूको सुरक्षाको चिन्ता बढ्ने गरेको छ । नेपालको परराष्ट्र मन्त्रालयले इरान र इजरायलबीच जारी युद्धलाई नियालिरहेको जनाएको छ ।

इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले त्यहाँ कार्यरत नेपाली श्रमिकहरू सुरक्षित रहेको जानकारी दिए । 'हामी नेपालीहरूसँग नियमित >>> पृष्ठ २ मा

# प्रचण्डलाई २ बुँदे भारी

२ बुँदे सहमतिको व्याख्या सत्ता पक्ष र माओवादी केन्द्रले आ-आफ्नै ढंगले गर्न थालेका छन् । यससम्बन्धी प्रश्नले माओवादी अध्यक्ष प्रचण्ड स्वयम् घेरिएका छन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

प्रतिनिधि सभाको प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सत्ता पक्षसँग गरेको २ बुँदे सहमति भारी परेको छ । लामो समयको संसद् अवरोध खुलाउन शुक्रबार २ बुँदे सहमति भएको हो । अध्यक्ष प्रचण्डलाई शनिबार दिनभरजसो त्यही सहमतिका कारण आलोचनायुक्त प्रश्न गरिएको देखिन्छ ।

राष्ट्र र जनताको वृहत् हितका निम्ति सत्ता पक्षसँग सदन खोल्ने सहमति गरिएको उनले स्पष्टीकरण दिनु परेको छ । शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउनेसँग सम्बन्धित केही महत्त्वपूर्ण विषय सदनमा रहेको उल्लेख गर्दै उनले माओवादीले अनन्तकालसम्म सदन अवरुद्ध गर्न नसक्ने स्पष्ट पारे ।

भिजिट भिसा प्रकरणलाई सदनमा छिराएका माओवादीसहित प्रतिपक्षी दलहरूले १३ जेठदेखि सदन अवरोध गर्दै आएका थिए । उक्त प्रकरणमा गृहमन्त्री रमेश लेखकको संलग्नता दाबी गर्दै उनको राजीनामा र उच्चस्तरीय छानबिनको माग गरेको माओवादी आफ्नो मागबाट एकाएक पछि हटेको हो । तर सोही मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भने संसद बैठक अवरोध गरिनै रहेको छ ।

शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउने केही महत्त्वपूर्ण विषय सदनमा रहेको प्रचण्डको अभिव्यक्ति पछि पूर्वसभामुखसमेत रहेका माओवादीका उपाध्यक्ष अग्नी सापकोटा विरूद्धको मुद्दासँग भिजिट भिसा प्रकरणलाई मिलाएको आरोपसमेत लाग्न थालेको छ । 'सदन अवरुद्ध गर्नु भनेको संघीय निजामती, शिक्षा, नागरिकता ऐन पारित हुन नदिनु, शान्ति प्रक्रिया टुंग्याउने विषयमा बहस रोक्नु, जनताका मुद्दा थाती राख्नु हो', दाहालले शनिबार झापाको एक कार्यक्रममा भने ।

भिजिट भिसा प्रकरणमा एक महिनाभित्र समिति >>> पृष्ठ २ मा

# त्रासमा मिश्र–राणा


## कानुनी प्रक्रियाका लागि समयमा अदालत नआएपछि पक्राउ पुर्जी काट्ने तयारी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, संगठित अपराध र एकीकृत कसुरको अभियोगमा मुद्दा चलाइएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशमशेर राणा सोमबार अदालतमा हाजिर हुने भएका छन् । काठमाडौं जिल्ला अदालतमा ११ जेठमा दायर भएको मुद्दाको थुनछेक बहसमा नआएका राणाले सोमबार अदालत जाने पुष्टि गरेका छन् ।

> महामन्त्री राणा २२ दिन प्रहरी हिरासत बसेर उपचारका लागि ७ वैशाखमा र मिश्र बन्दी प्रत्यक्षीकरण रिटमा सर्वोच्चको आदेश अनुसार ५०औं दिनमा गत २ जेठमा हाजिरी जमानीमा छुटेका थिए ।

महामन्त्री राणाले मध्यान्हसँग कुरा गर्दै आफू सोमबार अदालतमा उपस्थित हुने जानकारी दिए । 'हामी अदालतको निर्णयबाट भाग्न खोजेका होइनौं', उनले भने 'स्वास्थ्यका कारण केही ढिला हुन गएको छ । म सोमबार अदालतमा हाजिर हुन जान्छु, मिश्रजी पनि जानुहुन्छ होला,' राणाले भने ।




राणासँगै थुनामा परेका मिश्रसँग सम्पर्क गर्न खोज्दा उनको मोबाइल बन्द छ । उनी हाजिरी जमानीमा छुटेदेखि नै सम्पर्कमा छैनन् । उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतले बिहीबार १५ चैत्रको आन्दोलनका कमाण्डर दुर्गा प्रसाईंसहित ७ जनालाई थुनामा पठाउने र ३० जनालाई धरौटीमा छाड्न आदेश दिइसकेको छ । तर, मिश्र र राणा भने थुनछेक बहसमै उपस्थित नभएपछि अदालतले उनीहरूविरूद्ध पक्राउ पुर्जी जारी गर्ने तयारी गरेको छ ।

उपचार गर्न हाजिरी जमानीमा छुटेका राणा र बन्दी प्रत्यक्षीकरणको आदेशमार्फत् घर गएका मिश्र सरकारी वकिल कार्यालयले अदालतमा मुद्दा दायर गर्दा पनि अनुपस्थित भएपछि पक्राउ पुर्जी जारी गर्ने तयारीमा रहेको जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले बताए । 'उहाँहरू बयान दिन आउनुभएन, थुनछेक बहसमा सहभागी हुनुभएन, अब पक्राउ पुर्जी जारी गर्नुपर्ने अवस्था >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# खाडीमा अत्यधिक गर्मी, दिउँसो ३ घण्टा काममा लगाउन रोक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ ।

ठूलो संख्यामा नेपाली कामदार कार्यरत खाडी मुलुकमा बढेको अत्यधिक गर्मीका कारण दिउँसो ३ घण्टा काममा प्रतिबन्ध लगाइएको छ । यूएईले आइतबारदेखि घाममा र खुला ठाउँमा दिउँसो साढे १२ बजेदेखि ३ बजेसम्म काम गर्न प्रतिबन्ध लगाएको छ । यो नियम सेप्टेम्बर १५ सम्म अर्थात् ३ महिना लागू रहनेछ । खाडीका अन्य मुलुकमा पनि दिउँसोको समयमा खुला ठाउँमा कामदारलाई काममा लगाउन प्रतिबन्ध गरिएको छ ।

शनिबार त्यस क्षेत्रमा सबैभन्दा कम तापक्रम ठानिएको ओमानको मस्कटमा ३६ डिग्री सेल्सियस र सबैभन्दा बढी कुवेतको कुवेत सिटीमा ५० डिग्री सेल्सियस रहेको थियो । त्यस्तै युएईको अबुधावीमा ३८ डिग्री सेल्सियस, दुबईमा ३९ डिग्री सेल्सियस, कतारको दोहामा ३७ डिग्री सेल्सियस, साउदीअरवको जेद्दामा ३७ डिग्री सेल्सियस, रियादमा ४६ डिग्री सेल्सियस र इराकको बग्दादमा ४७ डिग्री सेल्सियस पुगेको थियो । यो तापक्रम दैनिकरूपमा बढ्ने बताइएको छ ।

खाडी क्षेत्रमा ठूलो संख्यामा आप्रवासी कामदारहरू रहेका छन् । >>> पृष्ठ २ मा

## कतारमा ट्राफिक सचेतना, श्रमिक सुरक्षा र जनचेतनासम्बन्धी अभिमुखीकरण



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३१ जेठ ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतारको आयोजनामा कतारको गृह मन्त्रालय (सामुदायिक प्रहरी र ट्राफिक विभाग)को सहकार्यमा ट्राफिक सचेतना, श्रमिक सुरक्षा र जनचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । संघका अध्यक्ष रमेश भट्टको सभाध्यक्षता तथा कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा शुक्रबार साँझ मुन्त्जामा रहेको पर्लिङ इन्टरनेसनल स्कुलको हलमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कतार सरकार मातहतका सामुदायिक प्रहरी विभागका लुथिनल क्लोनेल तलाल >>> पृष्ठ २ मा

**DUBAI को प्रतिष्ठित SEMI Govt. Co. मा रोजगारीको अवसर**

कम्पनी: IMDAAD LLC | शहर: DUBAI, UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/२८ | चलानी नं.: ६०२३२७८९ | LT. No.: 318578 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | School Bus Attendant Cum Cleaner | 0 | 50 | सम्बन्धित काममा दक्ष | 900 | ३३,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Watchman Cum Cleaner | 150 | 0 | | 900 | ३३,६८७ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Basic Salary Dhs. 900 भएतापनि Bus Attendant को हकमा Allounce तथा OT समेत गरि Dhs. 1300 तथा S.N. 2 को हकमा Dhs. 1100 तय गरिनेछ ।

School Bus Attendant (Female) को हकमा राम्रोसँग अंग्रेजी बोलचाल गर्न सक्ने भई उमेर २४ देखि ४० वर्ष भित्रको हुनुपर्नेछ । Watchman को हकमा सामान्य लेख पढ गर्न सक्ने भई उमेर १९ देखि ४० वर्ष भित्रको हुनुपर्नेछ साथै देखीने भागको ट्याटू मान्य हुने छैन ।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिद्वारा
काठमाडौंमा २०८२ असार ३, ४ र ६ गते (17, 18 & 20 June 2025) मा हुनेछ र बिर्तामोड, झापामा २०८२ असार ५ गते (19 June 2025) मा हुनेछ ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो,सृजनटोलसँगै काठमाडौं
Phone - 01- 4982296 | 9801012690, 9801175502, 9801175503
Britamod Jhapa Contact - 9801426002, 9801426004
श्रम इजाजत नं. ६३९/०६३/०६४

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०८२ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily | राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# ‘प्रत्यक्ष रूपमा सभापति छान्ने व्यवस्था गरे गुटबन्दी अन्त्य हुन्छ’



**काठमाडौं/मस–**नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सबै क्रियाशिल सदस्यहरुबाट प्रत्यक्ष रुपमा सभापति छान्ने व्यवस्था गरे पार्टीमा गुटबन्दी अन्त्य हुने बताएका छन् ।

नेपाली काग्रेस प्रदेश सभा क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ६ प्रदेश ‘क’ काठमाडौंको तेस्रो प्रदेश सभा क्षेत्रीय सम्मेलन तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले क्रियाशिल सबै सदस्यहरुबाट सभापति चुन्ने व्यवस्था पार्टीको गुटबन्दी खत्तम गर्ने एउटा अचुक अस्त्र रहेको बताए । उनले अहिले नेपाली कांग्रेसमा ८ लाख ६६ हजार क्रियाशिल सदस्य रहेको बताए । उनले क्रियाशिल सबै सदस्यहरुबाट कांग्रेसको सभापति छान्ने व्यवस्था गर्नसके गुट ध्वस्त हुने जिकिर गरे ।

महामन्त्री थापाले भने, ‘सबै साथीहरु तयार हो भने पार्टीको गुटबन्दी खत्तम गर्ने एउटा अचुक अस्त्र छ । नेपाली कांग्रेसमा ८ लाख ६६ हजार क्रियाशिल सदस्य छौं । यो पटक अलिकति रिन्यु गर्ने सबै गर्दा नयाँ थपिँदा मानौं १२ लाख भयो रे ल । हाम्रो पार्टीको अधिवेशनमा के हुन्छ, १२ लाख क्रियाशिल मान्छे एकै पटक जान्छ र बुथमा गएर हामी आफ्ना प्रतिनिधि छान्छौं । त्यो छानिएको प्रतिनिधिले अर्को प्रतिनिधि छान्दै छान्दै गएर काठमाडौंमा हामी ५ हजार मान्छेको महाधिवेशन गर्छौं । १२ लाख मान्छेलाई यदी हामी बुथमा निकाल्छौं र उसलाई हामी अधिवेशनमा टिक लगाउन दिन्छौं भने यत्रो प्रविधिको जमाना छ । किन त्यो १२ लाख मान्छे ले अप्रत्यक्ष निर्वाचन गरेर प्रतिनिधि छान्ने । सिधै त्यो १२ लाख मान्छेले कांग्रेसको सभापति छान्ने व्यवस्था गरौं त ल । १२ लाख मान्छेबाट निर्वाचित भएको कांग्रेसको सभापतिले जसले गुट बनायो त्यो ध्वस्त । त्यो सकियो । हो इन भने गुट त बन्छ, जति भाषण गरे पनि ।’ महामन्त्री थापाले माथिदेखि तलसम्म गुटले पार्टीलाई ध्वस्त बनाएको जिकिर गरे ।

# सुरेल भाषाको साहित्य विषयक विमर्श



**काठमाडौं/मस–**नेपाल प्रज्ञा-प्रतिष्ठान, साहित्य (मातृभाषा) विभागद्वारा आयोजित नियमित ‘मातृभाषा साहित्यको २३औं श्रृंखला’ शनिबार प्रतिष्ठानको सभाहलमा सम्पन्न भएको छ । कार्यक्रमको समुद्घाटन प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले ब्यानर वाचन गरी गरेका थिए ।

उनले संघीय, प्रादेशिक र स्थानीय प्रज्ञा-प्रतिष्ठानबीच समन्वय र कार्यविभाजन स्पष्ट नहुँदा एउटै कार्यको पुनरावृत्ति भइरहेको उल्लेख गरे । साथै, लोपोन्मुख भाषाको संरक्षण र जर्गेनामा स्थानीय सरकारको सक्रिय भूमिका अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

प्राज्ञ परिषद् सदस्य तथा साहित्य (पद्य/काव्य) विभाग प्रमुख बाबा बस्नेतले मातृभाषाको विकासमा यस्ता श्रृंखलाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताए । उनका अनुसार, मातृभाषामा सृजना र विमर्शको यो थलोले भाषा संरक्षणका पहललाई अझ सशक्त बनाएको छ ।

कार्यक्रमका सभाध्यक्ष तथा साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले आदिवासी जनजातिका भाषा, साहित्य र संस्कृतिको उजागरमा यो श्रृंखला विशेष योगदानकारी भएको बताउँदै आगामी श्रृंखलादेखि दुईवटा मातृभाषामा कार्यक्रम सञ्चालन गरिने जानकारी दिए ।

कार्यक्रममा ‘सुरेल भाषाको साहित्य’ विषयक प्रस्तुति डम्बर अर्पणले दिएका थिए । प्रस्तुतिपछि सहभागीहरू बयान सिंह, डा.सोम धिताल, समिर मुखिया र टेकबहादुर गुरुङले जिज्ञासा राखेर बहसलाई जीवन्त बनाएका थिए ।

कविता वाचन सत्रमा अतिथि कवि जयन्ती सत्याल स्पन्दनले खसभाषामा, जगबहादुर बुढाले काइके मगर भाषामा र बयानसिं राईले चाम्लिङ भाषामा कविता सुनाएका थिए । कार्यक्रमको सहजीकरण प्राज्ञसभा सदस्य चेतनाथ धमलाले गरेका थिए । नेपाल प्रज्ञा-प्रतिष्ठानले मातृभाषा संरक्षण तथा प्रवर्द्धनका लागि सञ्चालन गर्दै आएको यो श्रृंखला विभिन्न भाषिक समुदायका लागि साझा मञ्चको रूपमा स्थापित हुँदै आएको छ ।

# चर्को गर्मीले थप ६ दिन विद्यालयमा बिदा

**वीरगन्ज/मस-**केही दिनयता अत्यधिक गर्मी बढेर जनजीवन नै अस्तव्यस्त बनेपछि वीरगन्ज महानगरपालिकाका विद्यालयहरूमा थप ६दिन बिदा दिइएको छ ।

महानगरपालिकाले सामुदायिक तथा सार्वजनिक विद्यालयहरूमा १ असार आइतबारदेखि ६ असारसम्म गर्मी बिदा थप गरेको हो । यसअघि महानगरपालिकाले विद्यालयहरूमा २९ र ३० जेठमा २ दिन मात्रै गर्मी बिदा दिएको थियो । तर गर्मी कम हुनुको सट्टा झन् बढ्दै गएपछि महानगरपालिकाले शनिबार सूचना जारी गर्दै विद्यालयहरूमा १ असारदेखि ६ गतेसम्मका लागि गर्मी बिदा थप गरेको हो । वीरगन्ज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले सूचना जारी गर्दै केही दिनदेखि बढेको अत्यधिक गर्मीका कारणबाट विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्नसक्ने अवस्था देखिएकाले १ असारदेखि ६ असारसम्म ६ दिन वर्षे बिदा मिलान हुने गरी सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पठनपाठन स्थगित गरिएको जनाइएको छ ।

पर्सा, बारा लगायत मध्यतराईका जिल्लाहरूमा अहिले गर्मी अत्यधिक बढिरहेको छ । यस क्षेत्रमा केही दिनयता तापक्रम बढेर अधिकतम ४१ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ ।

# लुम्बिनीले बजेट ल्याउँदै

**अर्घाखाँची/मस–**लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि आइतबार बजेट ल्याउँदैछ ।

आइतबार दिउँसो ३ बजे बस्ने प्रदेश सभाको तेह्रौं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले ‘राजस्व र व्ययको वार्षिक अनुमान’ प्रदेश सभामा प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूचीमा समावेश गरिएको छ ।

प्रदेश सभा सचिवालयले सार्वजनिक गरेको सम्भावित कार्यसूचीअनुसार मन्त्री कार्कीले वार्षिक बजेट प्रस्तुत गर्नुका साथै ‘प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक’ पनि सभामा पेश गर्नेछन् । सरकारले यस वर्षको बजेटमा प्रदेशको समृद्धि र विकाससँग जोडिएका मुख्य क्षेत्रहरूलाई प्राथमिकतामा राखेको छ । कृषि, उद्योग, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट केन्द्रित गर्ने सरकारको तयारी छ ।

## इजरायलमा...

इजरायल-इरान युद्धलाई सन् १९८० को इरान-इराक युद्धसँग तुलना गरिएको छ ।

इजरायलको तेलअभिभमा भएको विस्फोटमा धेरै क्षति भएको छ । तेलअभिभको करिब ५ किलोमिटरको दुरीमा नेपालीहरू बंकरमा बसेका छन् । इजरायलमा झन्डै ७ हजार नेपाली कार्यरत छन् । त्यसमध्ये पछिल्लो समयमा केयरगिभरमा २ हजार जना पुगेका छन् । इजरायलमा खासगरी घरेलु कामदार र कृषि क्षेत्रमा नेपालीहरू जाने गर्छन् । इरानमा करिब २ दर्जन मात्र नेपाली छन् ।

इजरायल र इरान द्वन्द्वमा संलग्न हुने बित्तिकै उनीहरूसँग स्थल, जल र हवाई बाटोबाट जोडिने पूरै खाडी नै प्रभावित हुन्छन् । राजनीतिक रूपमा नेपालीहरूलाई मार नपरे पनि भौतिक र मनोवैज्ञानिक रूपमा ठूलो असर पर्छ । २०२३ को अक्टोबरमा हमासले इजरायलमा आक्रमण गर्दा ‘लर्न एन्ड अर्न’ कार्यक्रममा गएका १० नेपाली विद्यार्थीको हत्या भएको थियो । त्यस घटनामा बेपत्ता भएका नेपाली विद्यार्थी विपीन जोशीको अवस्था अझै अज्ञात छ । त्यसयता सयौंको संख्यामा श्रमिकहरू स्वदेश फर्किएको र द्विपक्षीय श्रम समझदारी अन्तर्गत नै केअर गिभरका रूपमा १ हजारभन्दा धेरै जाने तय भएपनि त्यहाँको अस्थिर अवस्थाका कारण हालसम्म आधाभन्दा कम मात्र जान सकेको नेपाली अधिकारीहरू बताउँछन् ।

### खाडीमा कति नेपाली ?

खाडी देशहरूमा नेपालीको वास्तविक संख्या प्रस्ट छैन । खाडी क्षेत्रका ६ देशहरू संयुक्त अबर इमिरेट् (युएई), साउदी अरब, कतार, ओमान, कुवेत र बहराइनमा नेपालीहरू सबैभन्दा धेरै छन् । नेपाल लेबर माइग्रेसन रिपोर्ट २०२२ अनुसार यी मुख्य ६ खाडी देश र मलेसियामा कुल नेपाली श्रमिक मध्ये ८५ प्रतिशत छन् । जसमध्ये इरानसँग पर्सिअन खाडीमार्फत जोडिने साउदी अरब, कतार र यूएईमा लाखौंका सख्यामा नेपालीहरू छन् । त्यसबाहेक यस द्वन्द्वमा जोडिएका इराक, लेबननमा समेत हजारौंको संख्यामा नेपाली श्रमिकहरू छन् ।

गैरआवासीय नेपाली संघका अनुसार अनुसार हाल इजरायलमा रहेका नेपालीहरू त्रासमा छन् । त्यहाँ द्वन्द्व जारी रहे वैदेशिक रोजगारीका लागि जाने तयारीमा रहेको नेपालीहरू प्रभावित हुनेछन् ।

## नेपाली...

सम्पर्कमा छौं । कुनै समस्या या संकट आए दूतावासलाई खबर गर्न आग्रह गरेका छौं’, राजदूत पण्डितले भने ।

नेपालीलाई इजरायल सरकारको सुरक्षा मापदण्ड अनुसरण गर्न पनि दूतावासले अनुरोध गरेको छ । ‘यस्तो बेला सर्तकता अपनाइ अनावश्यक हिँडडुल गर्नु हुँदैन । युद्धको बेला आफूलाई जोगाउने कोसिस गर्नुपर्छ’, राजदूत पण्डितले भने । इजरायलमा प्रायः नेपालीहरू केयरगिभर रहेकाले उनीहरू भएको ठाउँमा बंकरको व्यवस्था छ । जसका कारण उनीहरूलाई बंकरभित्र लुक्न गाह्रो छैन ।

इजरायली होम फ्रन्ट कमाण्डद्वारा सर्वसाधारणका लागि नयाँ निर्देशनहरू जारी भएकाले इजरायली नेसनल इमर्जेन्सी पोर्टलबाट अद्यावधिक स्थानीय सुरक्षा प्रोटोकलबारे जानकार रहन दूतावासले आग्रह गरेको छ । उक्त प्रोटोकलहरू पालना गर्न र आफ्नो सुरक्षातर्फ विशेष ध्यान दिन एवं सुरक्षित आश्रयस्थलको सुविधा भएको स्थलको आसपासमै रहन समेत दूतावासले अनुरोध गरेको हो । इजरायल सरकारले सर्वसाधारणलाई आवतवाजत गर्न बन्द गरेको छ । बाहिर हिँड्न लकडाउन नै जस्तो गरिएको छ ।

आन्तरिक सुरक्षामा इजरायल बलियो भएको कारणले यहाँको जनताहरू आफूलाई सुरक्षित ठान्छन् । स्थानीय इजरायली सुरक्षित भएपछि नेपालीहरू पनि त्यतिकै सुरक्षित छन् । सन्

## प्रचण्डलाई...

बनाउन बाध्य पारेर छानबिन गर्ने सर्तमा सत्तापक्षसित सहमति गरिएको उनको दाबी छ । तर, केहीले ‘आकाश नै खस्यो, जहाज नै डुब्यो, धर्ती नै भासियो’ जस्तो भाष्य निर्माण गरेको भन्दै उनी झोँक्किए । माओवादी जिम्मेवार पार्टी मात्र नभई संघीय लोकतान्त्रिक गणतन्त्रको अपनत्व बहन गरेको दल भएका उनको भनाइ छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा (एमाले) र प्रमुख प्रतिपक्षी दल माओवादीबीच भिजिट भिसा र अध्यागमनसँग सम्बन्धित विषयमा छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माग गरे बमोजिम सरकारले सहयोग गर्ने सहमति भएको छ । त्यस्तै विगतदेखि देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन एवम् छानबिन गरी नीतिगत, कानूनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यवस्था गर्न ठोस पहल गर्ने २ दलबीच प्रतिबद्धता व्यक्त गरिएको छ ।

यद्यपि यो विषयमा राजनीतिक बजारमा विभिन्न कोणबाट बहस भइरहेका छन् । रूपमा जे भएपनि सारमा विभिन्न संवैधानिक निकायमा नियुक्ति र उपाध्यक्ष सापकोटाको मुद्दा व्यवस्थापन गर्न माओवादीले सत्तापक्षसँग सहमति भएको आरोप पनि लागेको छ ।

तर, माओवादी र सत्तारूढ दलका नेताहरूले सदन खुलाउने विषयलाई अन्य मुद्दासँग जोडन नहुने दाबी गरेका छन् ।

एमालेका मुख्य सचेतक महेश बड्तौलाले जनताका मुद्दामा उठाउने थलो संसदलाई लामो समयसम्म बन्धक बनाउने कुरा ठिक छैन भनेर सरकार र प्रमुख प्रतिपक्षीबीच साझा सहमति जुटेको बताएका छन् । उनले भने ‘अहिले बजेट माथिको छलफलको समय छ । अतिआवश्यक विधेयकहरू पारित गर्नुछ । जनताका एजेण्डामा छलफल गर्नुछ । यावत विषयमा जिम्मेवार दलहरू जिम्मेबार ढंगबाटै सदनमा प्रस्तुत हुनुपर्छ भन्ने मान्यतामा आधारित भएर प्रमुख प्रतिपक्षी दल सदन खोल्न सहमत भएको हो ।’

## त्रासमा...

आएको छ’, उनले भने । ३९ जना प्रतिवादीसँगै थुनछेक प्रक्रियामा सहभागी हुँदा लामो समय लाग्ने र सो अवधिमा हिरासतमै बस्नुपर्ने भएकाले अदालतमा हाजिरभई बाहिरै बसेर कानूनी प्रक्रिया पूरा गर्नेगरी कानुन व्यवसायीसँग छलफल गर्दैछन् । दुबै नेताहरू स्वास्थ्य समस्या देखाएर अहिलेसम्म सम्पर्कविहीन रहेको राप्रपा श्रोतले जनाएका छ ।

१५ चैतमा तीनकुनेमा राजावादी समूहले गरेको प्रदर्शन हिंसात्मक बनेपछि २ जनाको मृत्यु भएको थियो भने करोडौंको भौतिक सम्पत्तिमा क्षति भएको थियो । उक्त प्रकरणमा ४ बालकसहित ६४ जना विरूद्ध जिल्ला सरकारी वकिलको कार्यालयले मुद्दा दायर भएको छ ।

अदालतको थुनछेक आदेश भएपछि राजावादी अभियानमा संलग्न अधिवक्ता स्वागत नेपालले राणा र मिश्र अदालतमा अनुपस्थित भएपनि फरार भन्न नमिल्ने बताए । सरकारको नजरमा फरार देखिएपनि उनीहरूलाई पक्राउ पुर्जी जारी नगर्दासम्म फरार भन्न नमिल्ने कानुन व्यवसायीहरू बताउँछन् । अधिवक्ता स्वागत नेपालले भने ‘उहाँहरू फरार होइन । फरारको सूची अर्को छ । अनुपस्थित र फरारको हकमा चाहिँ उपस्थित हुँदाको बखत आदेश हुन्छ ।’

तर, उनीहरू आफ्ना कानुन व्यवसायीसँगकै परामर्शमा अदालतमा हालसम्म अनुपस्थित नभएको बताइएको छ । स्वास्थ्य समस्याका कारण समयमा कानुनी प्रक्रियामा आउन नसकेको बताएका नेता राणाले पुनःपक्राउ पुर्जी जारी हुनुअगावै अदालतमा उपस्थित भएर कानुनी लडाइ लड्ने बताए । राणा २२ दिनको हिरासत बसाइपछि उपचारका लागि ७ वैशाखमा र मिश्र ५० औं दिनमा २ जेठमा हाजिरी जमानीमा छुटेका थिए ।

बन्दी प्रत्यक्षीकरण रिट दायरसँगै सर्वोच्च अदालतको आदेशमा रिहा भएका मिश्र र क्यान्सरको उपचारका लागि रिहा भएका राणा अदालतमा उपस्थित नभएपनि पार्टीका विभिन्न गतिविधिमा संलग्न हुदै आएका छन् । २० जेठमा धुम्बाराहीस्थित केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा महामन्त्री राणा उपस्थित भएका थिए । त्यसअघि १७ जेठमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा वरिष्ठ उपाध्यक्ष मिश्र र राणा दुबै सहभागी थिए ।

उनीहरू अदालत हाजिर नहुँदा हाजिरी जमानीमा छुट्दा बुझिलिने वकिल र स्वकीय सचिवले जरिवाना तिर्नु परेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५ को उपदफा ४ अनुसार मुद्दा दर्ता गर्न अनुपस्थित रहे जरिवाना गर्न सकिने व्यवस्था अनुसार मिश्रका वकिल र राणाका स्वकीय सचिवबाट ५० हजार रुपैयाँका दरले जरिवाना गरिएको थियो ।

## खाडीमा...

कतार, साउदी अरेबिया र यूएई जस्ता देशहरूमा काम गर्ने विदेशी कामदारको ठूलो हिस्सा प्रायः कम ज्याला वा अनिश्चित मानिने कन्स्ट्रक्सन, घरेलुलगायतका चुनौतीपूर्ण काम गरिरहेका छन् । खाडी सहयोग परिषद् (जिसिसी) भनिने बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (यूएई)मा नेपालीसहित लगभग ३ करोड विदेशी नागरिकहरू कार्यरत रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूको भनाइ छ । उक्त संख्या जिसिसी मुलुकहरूको कुल जनसंख्याको ५२ प्रतिशतभन्दा बढी हो ।

केही वर्षयता मात्रै प्रवासी कामदारहरूलाई प्रचण्ड गर्मीले निम्त्याउने स्ट्रोक जस्ता स्वास्थ्य खराबीबाट बचाउन उपायहरू अवलम्बन गरिएको बताइन्छ । अत्यधिक गर्मीले शरीरको तापक्रम उच्च बनाइ मिर्गौला जस्ता अंग विफल हुने, अत्यधिक पसिना आउने, कमजोरीले चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने र बान्ता हुने कतिपय अवस्थामा मांसपेशी ऐंठन समेत हुने चिकित्सकहरू बताउँछन् ।

दिउँसोको समय काममा लगाएको प्रतिबन्धको कार्यान्वयनले विश्वव्यापी चासोको व्यावसायिक स्वास्थ्य र सुरक्षा मापदण्डहरू पालना भइ गर्मी महिनाहरूमा गर्मीसँग सम्बन्धित चोटपटक र स्वास्थ्य जोखिमबाट कामदारहरूलाई जोगाउनु रहेको बताइएको छ । यूएईले प्रतिबन्ध पालना गराउन कडा कदम चालेको बताएको छ । प्रतिबन्ध पालना नगरेको अवस्थामा एक जना कामदार प्रभावित भएको भए ५ हजार दिराम र कामदार समूहमा भए ५० हजार दिराम जरिवाना गर्ने यूएईले बताएको छ । त्यस्तै कम्पनीहरूले निषेधको अवधिभर कामदारहरूलाई घामबाट जोगाउन छायादार विश्राम क्षेत्रहरू, पंखा जस्ता चिसो उपकरणहरू, पर्याप्त पिउने पानी, स्थानीय अधिकारीहरूद्वारा अनुमोदित नुन जस्ता हाइड्रेटिङ सामानसहित प्राथमिक उपचार किटहरू पनि साइटमा सजिलै उपलब्ध गराउन भनिएको छ ।

## कतारमा...

मुजफ्फर अल मद्गुर, ड्रग्स इन्फोर्समेन्टका एडमिन डा नादिर मोहम्मद अब्बराह, खालिद खादवा, सामुदायिक प्रहरी विभागका डा बहौद्दीन, फैसल अल हुद्वावीले कार्यक्रमलाई आ-आफ्ना तर्फबाट सम्बोधन गरे ।

कम्युनिटी प्रहरी विभागका क्याप्टेन तलालले कतारमा रहेका कसैलाई पनि कुनै पनि किसिमका समस्या परेमा कम्युनिटी प्रहरी सहयोगका लागी सदैव तयार रहेको बताए । उनले मेट्रासबाट पनि विभिन्न समस्यासम्बन्धी उजुरी गर्न सकिने बताए । ततालले कतारमा सबै प्रकारका चन्दा संकलन गर्ने कार्य अवैधानिक रहेको र चन्दा संकलन गरेको पाइएमा रिपोर्टसम्मको कारबाही हुने बताए । कहिँकतै कतारमा भित्तामा लेख्न या पर्चा पम्प्लेट टाँस्न नपाइने बताउँदै पारिवारिक विवाद एवं समस्या परे कम्युनिटी पुलिस समुदायको सहयोगको निम्ति सदैव तयार रहेको बताए ।

गृह मन्त्रालयअन्तर्गतको जन सम्पर्क विभागका सचेतना प्रमुख तथा संयोजक फैसल अल हुवादीले नेपाली समुदायको प्रशंसा गर्दै लामो समयदेखि मन्त्रालय र नेपाली समाजले एक अर्काको साथ पाएकोमा खुसी व्यक्त गरे । कतारको पछिल्लो ट्राफिक व्यवस्था बारे बताउँदै सवारीसाधन चलाउँदा सिट बेल्टको प्रयोग अनिवार्य रहेको र यसको उल्लंघन गरेमा हालको निम्ति पाँच सय जरिवाना र आगामी दिनमा यसमा वृद्धि हुन सक्ने बताए ।

यसैगरी सवारी साधन चलाउँदा मोबाइल फोनको प्रयोग अत्यन्तै घातक र ज्यानको जोखिम रहेको हुँदा यस नियमको उल्लंघन गरेमा कतारी रियाल एक हजारदेखि तीन हजारसम्म जरिवाना र रातो बत्ती पार गरी दुर्घटना हुन गएमा अझै जरिवाना बढ्ने र लामो समय कारावास हुन सक्ने बताउँदै सचेत रहन आग्रह गरे । उनले कतारमा ट्राफिक नियम कसैले छल्न नसक्ने बताउँदै सुरक्षाकर्मीसहित क्यामेराले समेत निगरानी गरिरहेको स्मरण गराए । ड्रग्स इन्फोर्समेन्टका एडमिन डा अब्बराहले नेपालबाट आउँदा कुनै पनि प्रकारको औषधि ल्याउँदा डाक्टरको रिपोर्ट अनिवार्य रहेको बताउँदै कतार सरकारले प्रतिबन्ध गरेका कुनै पनि औषधि नल्याउन सुझाव दिए । उनले कतारमा सबै प्रकारका ड्रग्सको प्रयोग आयात निर्यात प्रतिबन्ध रहेको हुँदा कसैको पार्सल बोकेर आउँदा खोलेर हेरेर मात्र ल्याउन सुझाव दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पौडेलले नेपाली समाजको हितका लागि कतार सरकारले देखाएको सदाशयताका लागि हार्दिक आभार व्यक्त गर्दै भविष्यमा पनि नेपाली श्रमिकका लागि निरन्तर साथ पाउने विश्वास व्यक्त गर्दै सहकार्य निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा राजदूतावास दोहा कतारका प्रथम सचिव कृष्णकुमार सुवेदी, श्रम सहचारी प्रेम पोखरेलसहित कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो । एनसीसी कतारका महासचिव रविन मगरले सहजीकरण गरेको कार्यक्रममा कृष्ण पन्थीले स्वागत मन्तव्यसहित मध्यस्थकर्ताको भूमिका खेलेका थिए ।

**UAE मा रोजगार**

कम्पनी: AL JABER SECURITY COMPANY L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/०५ चलानी नं.: ६०२३४७१७ L.T. No.: 320426 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/Telecommunication | 20 | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - Dps | 10 | 10 | | 1200 | ४४,९१६ | | | | | | | |
| 3. | Security Guards (Psbd) | 92 | 18 | | 2000 | ७४,८६० | | | | | | | |

अन्तर्वार्ता स्काई पार्टी प्यालेस सामाखुसी, काठमाडौंमा २०८२ असार ८ गते (22 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरामा २०८२ असार ९ गते (23 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता सिपि होटल ब्रितामोड झापामा २०८२ असार १० गते (24 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिसोर्स प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585 , 9700558336, 9864827296
Pokhara Contact No : 9805827782, Birtamod Contact No : 9802313475 ,9707318664

**Sammarimai Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Farena, Rupandehi**
**Lumbini Province, Nepal**

**Invitation for Online Bids**

Date of Notice publication: 15th June 2025 (01st Ashad 2082)

1. Sammarimai Rural Municipality, Rupandehi invites Online bids under E-Procurement system from eligible bidders for following work under Single Envelpoe Single bidding procedure.

| SN | Name of work | Contract ID | EstimatedAmount (Excluding Vat and contingency ) | Fee of Bid Doc. (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs) | Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Incomplete School Building at Sammarimai-02, Pipari Barbasi Adharbhut School | 15/SRM/NCB/ Works/081/082 | Nrs.2038084.40 | 3000.00 | 90 days | 57000.00 | 120 days |

2. Eligible bidders may obtain further information and inspect the bidding document at the office of Sammarimai Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# ‘कांग्रेससँग सुटुक्क सहमति गरेर संसद खोलिएको होइन’

**विराटनगर/मस**–नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले देश र जनताको बृहत्तर हितका लागि सत्ता पक्षसँग २ बुँदे सहमति गरिएको बताएका छन् ।

विराटनगर विमानस्थलमा शनिबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै अध्यक्ष दाहालले भिजिट भिसा प्रकरणमा छानबिन गर्न समिति बनाएर जाने विषयमा सहमति गरिएको उल्लेख गरे । दाहालले प्रतिनिधिसभाको अवरोध हटाउने निर्णय कुनै सेटिङ वा गोप्य समझदारी नभएको स्पष्ट पारे । ‘संसद पुनः सञ्चालन गर्ने निर्णय देश र जनताको बृहत्तर हितमा ऐन, कानुन अगाडि बढाउन तथा दीर्घकालीन नीति सुधार गर्न लिइएको हो’, उनले भने ।

उनले संसद् खोल्नुका पछाडि गम्भीर कारण रहेको दाबी गर्दै भने, ‘देश र जनताको हितका लागि कहिले अघि बढ्ने, कहिले पछि हट्ने निर्णय हुन सक्छ । संसद्को अवरोध हटाउने निर्णय एक महिनाभित्र छानबिन समिति गठन गर्ने सहमतिपछि भएको हो ।’

गृह मन्त्रालयसँग जोडिएको भिजिट भिसा प्रकरणबारे पनि उनले सरकार गम्भीर रहेको बताए । ‘यो केवल गृहमन्त्रीको विषय होइन । धेरै समयदेखि रहँदै आएको गम्भीर समस्या हो, जसमा गहिरो अध्ययन, संरचनागत सुधार र नीतिगत कदम आवश्यक छ,’ उनले भने, ‘गृहमन्त्रीले संसद्को रोष्ट्रममै एक महिनाभित्र सुधार अघि बढाउने प्रतिबद्धता जनाइसक्नुभएको छ ।’



नेपाली कांग्रेससँग सुटुक्क सहमति गरेको विषयमा उनले आपत्ति जनाए । उन भने, ‘यो सहमति कुनै व्यक्तिलाई जोगाउन गरिएको होइन । प्रणाली सुधार गर्ने लक्ष्यसहित गरिएको हो ।’

सत्ता गठबन्धनसँग भएको २ बुँदे सहमति र पार्टी उपाध्यक्ष अग्नि सापकोटाको मुद्दाका बीचमा कुनै सम्बन्ध नरहेको प्रचण्डको भनाइ छ । ‘यो बिलकुलै गलत र आधारहीन प्रचार हो । यो सहमतिसँग अग्नि सापकोटाको कुनै सम्बन्ध छैन,’ उनले भने । अध्यक्ष दाहालले सदनबाट निजामती र शिक्षालगायतका ऐन छिटो पारित गर्नुपर्ने भएकाले सदनको गतिरोध अन्त्य गरिएको बताए ।

‘माओवादीले अनन्तकालसम्म सदन अवरोध गर्नु भनेको संघीय निजामति ऐन पास हुन नदिनु, शिक्षा ऐन पास हुन नदिनु, नागरिकता ऐन पास हुन नदिनु, शान्ति प्रक्रियालाई टुङ्ग्याउने विषयलाई महत्व नदिनु, जनताका मुद्दाहरू थाती राख्नु हुन जानेभयो । त्यसो भएको हुनाले सरकारलाई एक हदसम्म छानबिनको लागि बाध्य पारेर, एक महिनाभित्र समिति बनाएर गर्छौं भन्ने बाध्य पारेपछि राष्ट्र र जनताको बृहत हितका निम्ति हामीले गरेको हो । तर, एकथरी मान्छेहरू लौ खत्तम भयो, जहाज नै डुब्यो, आकाश नै खस्यो, धर्ती नै भासियो जस्तो गरेर विलकूल वाइयत कुरा हो । हामी जिम्मेवार पार्टीमात्रै होइनौं । संघीय लोकतान्त्रिक गणतन्त्रको स्वामित्व र अपनत्व लिने र रक्षा गर्ने मुल पार्टी हो,’ उनले भने । उनले पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपति फेरि राजनीतिकमा आउने सन्दर्भमा कानुन निर्माण जरुरी भएको आवश्यकता औँल्याए ।

राष्ट्रपति र पूर्वउपराष्ट्रपतिलाई राजनीतिमा आउन संविधान र संसारको कुनै पनि परम्पराले नरोकेको पनि उनले बताए । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलक्षित गर्दै उनले भने,‘पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति राजनीतिमा आउन चाहन्छन् भने पाउँछन् । संविधान र विश्वको कुनै परम्पराले रोक्दैन ।’

अध्यक्ष दाहालले पार्टी उपमहासचिव जनार्दन शर्मा ‘प्रभाकर’लाई आफूले पार्टी छाड्नु भनेर नभनेको स्पष्ट पारे । उनले शर्मालाई पार्टी छाड्नु भनेर आफूले कहिल्यै नभनेको बताए । जनार्दनलाई पार्टी छाड्नु भन्नु भएछ नि ? भनेर सोधिएको प्रश्नको जवाफ दिँदै उनले भने, ‘त्यो भनेकै छैन । बेकारको कुरा हो ।’

# बजेट अभावले सोती ‘लिफ्टिङ’ खानेपानी योजना अलपत्र



**पर्वत/मस**–बजेट अभावमा दक्षिण पर्वतको विहादी गाउँपालिका-२ बर्राचौरमा निर्माणाधीन सोती ‘लिफ्टिङ’ खानेपानी योजना अलपत्र परेको छ ।

गण्डकी प्रदेश सरकारको चार करोडको लागतमा बहुवर्षीय खानेपानी योजना निर्माण सुरु भएको थियो । तीन सय घरधुरीलाई खानेपानी उपलब्ध गराउने लक्ष्यसहित आर्थिक वर्ष विसं २०७७/०७८ देखि निर्माण सुरु भए पनि पर्याप्त बजेट विनियोजन नहुँदा अलपत्र बनेको र बनेका संरचना जीर्ण बन्दै गएको विहादी गाउँपालिका-२ का अध्यक्ष गणेश शर्मा पौडेलले बताए ।

दुई वर्षमा सम्पन्न हुने भनिएको खानेपानीको योजना सम्बन्धित निकायले बजेट विनियोजनमा बेवास्ता गरेको उनको भनाइ छ । योजना सम्पन्न नहुँदा पिउने पानीका लागि गाउँलेहरू टाढाटाढा रहेका कुवा र खोलाको पानीमा भर पर्नुपरेको छ । चैतयता पानीका स्रोत पनि सुकेपछि पिउने पानी लिन दुई घण्टा धाएर कालीगण्डकी किनारमा जानुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

खानेपानी योजना पूरा नहुँदा वडा नं २ मा रहेका गैरे, सातबिसे, शेरा, ठौवा, बासकोट, कर्मीथर, आरनटोल, उपल्लो बर्राचौर, तल्लो बर्राचौरलगायत क्षेत्रमा पिउने पानीको हाहाकार परेको हो । शेरा टोल बस्ने कृषक लीलाकुमारी नेपालीले खानेपानीको हाहाकारले गर्दा स्थानीयलाई निकै सकस परेको दुखेसो पोखे।

खानेपानी योजनाअन्तर्गत निर्माण गरिएका एक रिजर्भ ट्याङ्की र छ वटा शाखा ट्याङ्की लामो समयदेखि प्रयोगविहीन अवस्थामा छन् भने बिछ्याइएका पाइपलाइन कच्ची सडक खन्ने क्रममा क्षतविक्षत भएको स्थानीयवासीको भनाइ छ । ‘एक घर, एक धारा’ कार्यक्रमअन्तर्गत गाउँका केही घरधुरीमा धारा निर्माण गरिएको भए पनि पानी नआएपछि अलपत्र अवस्थामा छन् ।

बस्तीभन्दा तल रहेको कालीगण्डकी किनार नजिकै खानेपानी स्रोतबाट १०० घनमिटरको ट्याङ्की निर्माण गरिएको छ भने ५० घनमिटर बराबरका पाँच वटा ट्याङ्की निर्माण गरी अलपत्र छोडिएका छन् । खानेपानी योजनाको प्रमुख पाइप लाइन र शाखा पाइप लाइन विस्तारको काम पूरा गरिएको छैन । निर्माणको ठेक्का सम्झौता लिएका निर्माण व्यवसायी गिरिजाप्रसाद तिवारीले खानेपानी योजनाको काम ५० प्रतिशत पूरा गरेको बताए । बजेट विनियोजन नभएका कारण योजना पूरा गर्न नसकिएको उनको भनाइ छ ।

अहिलेसम्म रु दुई करोड बढी रकम खर्च गरिसकेको खानेपानी योजनालाई आर्थिक अभावका कारण पूरा गर्न नसकिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोती कुँवरको भनाइ छ । समितिका अध्यक्ष कुँवरले प्रदेशको खानेपानी मन्त्रालयले बर्सेनि थोरैथोरै आर्थिक बजेट विनियोजन गर्ने गरेका कारण समस्या भएको हो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख किरण पौडेलले योजनाको लागत धेरै, विनियोजित बजेट थोरै हुँदा समयमै पूरा हुन नसकेको हो । उनका अनुसार चालु आर्थिक वर्षमा जम्मा २० लाख विनियोजन भएको थियो ।

# ‘असार १५ गतेसम्म विद्यालय शिक्षा ऐनलाई पारित गर्छौं’




**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले असार १५ गतेसम्म विद्यालय शिक्षा सम्बन्धी ऐनलाई प्रतिनिधि सभाबाट पारित गर्नेगरी सरकार अघि बढिरहेको बताएका छन् ।

सामुदायिक क्याम्पसहरुको दिगोपन र उत्कृष्टता सम्बन्धी राष्ट्रिय संवाद कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै मन्त्री पन्तले यस्तो बताएका हुन् । उनले आफूसँग भएको ९ बुँदे सम्झौता आगामी आर्थिक वर्षबाट कार्यान्वयन हुने बताउँदै त्यसअघि भएका सम्झौताहरुका बारेमा पनि छलफलका लागि आफू तयार रहेको बताए। उनले शिक्षकहरुसँग भएको ९ बुँदे सम्झैताको दायित्व ८ अर्ब रुपैयाँ हुने र त्यसको दायित्व सरकारले व्यहोर्ने बताए । थप आर्थिक भार पर्ने माग धान्न नसकिने पनि स्पष्ट पारे । शिक्षकहरु फेरि सडकमा फर्किएर जान नपरोस् भन्नेमा सरकार गम्भीर रहेको बताए ।

मन्त्री पन्तले भने, ‘असार १५ गतेसम्ममा विद्यालय शिक्षा सम्बन्धी ऐनलाई हामीले प्रतिनिधि सभाबाट सकेसम्म पारित गरौँ भन्ने मेरो प्रयत्न छ । त्यसमा हाम्रो उपसमितिले प्रतिवेदन दिइसकेपछि शिक्षक महासंघले फेरि त्यसमा कडा प्रतिक्रिया उहाँहरुको आएको थियो । उहाँहरुले मसँग ९ बुँदे त तपाईंसँग भयो, तर ०७५, ०७८, ०८० सालमा गरिएका विभिन्न सम्झौताहरु छन्, ति सम्झौताहरु कार्यान्वयन हुनुपर्छ । ति सम्झौताहरु पनि नेपाल सरकारका मन्त्रीहरुले हस्ताक्षर गर्नुभएको छ । हाम्रो केही माग मात्रै पूरा भएको छ तर हाम्रो उपसमितिले कतिपय कुराहरु अझ समेट्न सकेन । ति माग पनि सम्बोधन हुनुपर्छ भनेर दबाबको कार्यक्रम घोषणा गर्न थाल्नुभएको थियो । मैले बोलाएर संविधान र ऐन कानूनले मान्ने र देशको बजेटले धान्ने काम गर्छु भनेको छु । ९ बुँदे सम्झौता आउने आर्थिक वर्षदेखि लागू हुन्छ । त्यसको दायित्व ८ अर्ब रुपैयाँ थप दायित्व नेपाल सरकारले व्यहोर्छ । त्यसअघिका मागहरुमा पनि छलफल गर्न तयार छु तर अब थप आर्थिक भार पर्ने माग धान्न सकिँदैन । बजेट पनि आइसक्यो । सकेसम्म शिक्षकहरु फेरि सडकमा फर्किएर जान नपरोस् भन्ने अवस्था बनाउँ ।’मन्त्री पन्तले मन्त्रालयमा उच्च शिक्षा सम्बन्धी विधेयकको मस्यौदा तयार रहेको र त्यसलाई पनि सकेसम्म छिटो संसदमा लैजाने तयारी रहेको बताए ।

# उदयपुरमा सवारी दुर्घटनामा १ जनाको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३१ जेठ

उदयपुरको बेलका नगरपालिकामा शनिबार बिहान भएको मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बेलका नगरपालिका-९ स्थित रंगलक्ष्मी पेट्रोलपम्प नजिकै मदन भण्डारी राजमार्गमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०५-००१ प १९१३ नम्बरको मोटरसाइकल सडकमा रहेको कलभर्टको पिल्लरमा ठोक्किँदा दुर्घटना भएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक बेलका नगरपालिका-६ निवासी अन्दाजी ४५ वर्षीय नविन राईको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । स्थानीयबासीले ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिलामा खबर गरेपछि एसओसहितको प्रहरी टोली घटनास्थलमा खटिएको थियो । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बिग्रिएको ५ वर्षसम्म पनि मर्मत भएन डायलासिस मेसिन

**तुलसीपुर/मस**–दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा डायलासिस मेसिन बिग्रिएको एक वर्षभन्दा बढी भए पनि मर्मत हुन सकेको छैन । अस्पतालमा १४ वटा मेसिनमध्ये हाल पाँच वटा मेसिन बिग्रिएका छन् ।

नौ वटा मेसिन भने चालु अवस्थामा रहेको अस्पतालका डायलासिस शाखा प्रमुख लिना बडेलले बताइन्। मर्मत गर्नका लागि काठमाडौंबाट इञ्जिनियर नै आउनुपर्ने भए पनि इञ्जिनियर आउन नमानेको उनले बताइन् । ‘इञ्जिनियरहरूलाई बोलाएको हो’, उनले भनिन्, ‘तर पुराना डिजाइनका भएर होला, उहाँहरू आउनु मान्नुभएको छैन’ डायलासिस मेसिन बिग्रँदा निकै समस्या हुने गरेको छ ।

# दरबारमार्गको हार्ड रकले मनायो ५४औं वार्षिकोत्सव




**काठमाडौं/मस**– काठमाडौं दरबारमार्गस्थित अमेरिकन फ्रेन्चाइज हार्ड रक क्याफे काठमाडौंले ५४औं वार्षिकोत्सव मनाएको छ । शनिबार एक कार्यक्रम आयोजना गरी क्याफेले वार्षिकोत्सव मनाएको हो । विश्वभर १ सय ७० भन्दा बढी क्याफेहरूले एकैपटक ५४औं वार्षिकोत्सव मनाएको हो । सोही अनुसार रक क्याफेले पनि जन्मोत्सव मनाएको हो । क्याफेले नेपाली स्वाद अनुसार छोयला बर्गर लन्चिङ सुरूवात गरेको क्याफेका महाप्रबन्धक नारायणप्रसाद सुवेदीले जानकारी दिए ।

उनका अनुसार हरेक क्याफेले सहरका स्थानीय स्वाद अनुसार आ-आफ्नो बर्गर लन्चिङ गर्दैछन् । काठमाडौंको हार्ड रक क्याफेले पनि छोयला बर्गर लन्चिङ तथा प्रदर्शन गरेको हो । छोयला बर्गर क्याफेका सेफ विप्लभ महर्जनले गरेका हुन् ।

‘गत वर्षको जन्मोत्सवमा पनि यसैगरी बर्गर लन्चिङ गरेको थियो । काठमाडौं बर्गर लन्चिङ गरेको थियो । विश्वभर उत्कृष्ट पाचौंमा परेको थियो,’ सुवेदीले भने,’ हामीले खानामात्र नभइ नेपालको पर्यटन क्षेत्रमा पनि योगदान गरिरहेका छौं ।’

हार्ड रक क्याफेको सुभिनियर सप समेत रहेको छ । हार्ड रक क्याफेको काठमाडौंको सुभिनियरमा टिसर्ट,मग र ग्लास पाइने सुवेदीले जानकारी दिए । पाटनमा पनि सुभिनियर सप रहेको । ठमेलमा पनि सुभिनियर नयाँ सप खोल्ने योजना रहेको उनले जानकारी दिए । ‘हार्ड रक क्याफे पोखरा’ पनि पोखरामा सुरूवात गर्न लागेको उनले उल्लेख गरे । विकिन्डमा सांगीतिक कार्यक्रम रहने गरेको सुवेदीले बताए ।

त्यसैगरी क्याफेमा अन्तर्रराष्ट्रिय स्तर अनुसार खानाको सेवा दिइरहेको उनले जानकारी दिए । सुवेदीले शुक्रवार र शनिवार सेवाग्राहीको बढी भीडभाड रहने गरेको बताए । डेनमार्कको वाणिज्य दूत हरि धरेलल र सेफ गोविन्द नरसिंह केसीको उपस्थिति रहेको थियो । काठमाडौंमा सन् २०२१ नोभेम्बरमा स्थापना भएको हो ।

# पशुपति गौशाला धर्मशालाद्वारा निःशुल्क कृत्रिम खुट्टा वितरण

**काठमाडौं/मस**–मारवाडी सेवा समिति नेपाल अन्तर्गत सञ्चालित पशुपति गौशाला धर्मशालाले निःशुल्क कृत्रिम खुट्टा वितरण गरेको छ । विभिन्न कारणबाट खुट्टा गुमाई अपाङ्गता जीवन बिताइरहेका सातजना व्यक्तिहरूलाई सहज जीवन निर्वाह गर्नको लागि कृत्रिम खुट्टा वितरण गरिएको पशुपति गौशाला धर्मशालाका अध्यक्ष रमेश तापडिया जानकारी दिएका छन् ।

धर्मशालाले शनिबार कृत्रिम खुट्टा वितरण कार्यक्रमको आयोजना गरेर सिन्धुपाल्चोक जिल्लाका किउल गाउँपालिकाका ललित सिलवाललाई कृत्रिम दायाँ खुट्टा प्रदान गरिएको थियो । त्यस्तै दोलखा जिल्लाका गौरीशंकर गाउँपालिकाका प्रेमबहादुर खत्री, सप्तरी जिल्लाका हनुमाननगर कंकालिनी नगरपालिकाका विष्णु मण्डल, काठमाडौंका गोपीकृष्ण यादव, बाजुराका पूर्ण थापा, कैलालीका गोपीराज जैसी, सिराहाका जोगी यादव र दीपक सुवेदीलाई कृतिम खुट्टा वितरण गरिएको थियो । महँगो पैसा पर्ने कृत्रिम खुट्टा धर्मशालाले निःशुल्क रुपमा दिँदा निकै खुसी भएको बताएका थिए । तापडियाका अनुसार हालसम्म ७ हजार कृत्रिम खुट्टा वितरण गरिसकिएको छ । गौशाला धर्मशालाका अध्यक्ष रमेश तापडियाको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि समाजसेवी एवं व्यवसाय जैनरत्न किशनलाल दुगडले सेवा नै धर्म मानेर सामाजिक कार्यमा लागेको बताएका थिए ।

## चितवनमा ऐतिहासिक रक्तदान महोत्सव

# एकैदिन १७१७ युनिट रगत संकलन



**चितवन/मस**- ब्लड डोनर्स सोसाइटी नेपाल, चितवन शाखाको आयोजनामा नेपालमै पहिलोपटक ऐतिहासिक रक्तदान महोत्सव सम्पन्न भएको छ । विश्व रक्तदाता दिवसको अवसर पारेर शनिबार भरतपुरस्थित चितवन औद्योगिक प्रदर्शनी केन्द्रमा रक्तदान महोत्सव भएको हो । महोत्सवमा एकैदिन १७१७ युनिट रगत संकलन गरी अभूतपूर्व सफलता हासिल भएको सोसाइटीले जनाएको छ । संस्थाका अध्यक्ष एकराज बुर्लाकोटीले यो मानवीय यात्राको महाअभियानले समग्र चितवनको समाजसेवा प्रतिको प्रतिबद्धतालाई शब्दले बयान गर्न नसकिने बताएका छन् ।

रक्तदान महोत्सवपछि धन्यवाद ज्ञापन गर्दै अध्यक्ष बुर्लाकोटीले भनेका छन्, ‘रक्तदान महादान/जीवनदानको सार्थकता पुष्टि गर्न चितवनबासीको असाधारण ऐक्यबद्धता सामाजिक कार्यको इतिहासमा स्वर्णिम अक्षरले लेखिने छ भन्ने कुरामा हामी आश्वस्त छौं । रगतको अभावमा कोही कसैले ज्यान गुमाउनु पर्दैन भन्ने यथार्थ चितवनबाट प्रमाणित भएको छ ।’ १५०० यूनिट त्यसमा पनि करिव ७०० जना नयाँ रक्तदाताबाट रगत जम्मा गर्ने लक्ष्य केवल संख्याको होडबाजी नभएर सामर्थ्यको खोजी भएको उनले बताएका छन् । कार्यक्रममा चितवनका विभिन्न संघसंस्थाहरू, स्वयंसेवकहरू, सञ्चारकर्मीहरू र आम नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो । अध्यक्ष बुर्लाकोटीले सबै रक्तदाताहरू, सहयोगी संस्था, शुभेच्छुक र समर्थकहरूलाई संस्थागत तथा व्यक्तिगत तर्फबाट धन्यवादका साथै आभार व्यक्त गरेका छन् । उनले यो महोत्सवबाट सिर्जना भएको सकारात्मक उर्जा र राष्ट्रिय जागरण भविष्यका दिनमा अझ प्रभावकारी सामाजिक पहलको प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गरेका छन् ।

अध्यक्ष बुर्लाकोटीले भनेका छन्,‘यस प्रकारको सेवा-भावनाले हामीलाई केवल आजका लागि होइन, भोलिका पुस्ताहरूलाई पनि समाजसेवाको उज्यालो मार्ग देखाउनेछ ।’ रक्तदान महोत्सवमा नयाँ रक्तदातालाई आकर्षित गर्न विभिन्न उपहार योजना समेत ल्याइएको थियो ।

महोत्सवमा निःशुल्क स्वास्थ्य शिविर, रक्त समूह परीक्षण, प्रभातफेरि कार्यक्रम समेत राखिएको थियो । यस्तै गत आर्थिक वर्षभित्रमा एक सय भन्दा बढी पिन रगत संकलन गर्ने संघसंस्था र व्यक्तिहरुलाई पनि विशेष सम्मान गरिएको थियो । चितवनमा हाल दैनिक डेढ सय पिन रगत आवश्यक हुने गरेको र महोत्सवमा संकलन भएको १७ सय पिन रगत यही खपत हुने प्रादेशिक रक्तसंचार केन्द्र भरतपुरले जनाएको छ ।

**बहराइनमा रोजगार**

कम्पनी: GREENCITY SERVICES W.L.L — शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३९५२७ — LT. No.: 325408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 40 | 5 | सम्बन्धित काममा दक्ष | 100 | ३६,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 5 | 0 | | 100 | ३६,४२७ | | | | | | | |

कम्पनी: Al Abbas Tiles product factory — शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ — चलानी नं.: ६०२३९३३४ — LT. No.: 325412

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Heavy) | 6 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५४,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | WORKER | 10 | 0 | | 100 | ३६,४२७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ८ गते (22 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt. Ltd)
Gov. Lic. No. 1159/074/074
Milijuli Marg, Maharajgunj/Chakrapath-3, Kathmandu, Nepal Con.: 01-4016163, 01-4016164, 9706243022, Email : info@gsggroup.com.np, www.gsgroup.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१ असार २०८२ आइतबार
15 June 2025, Sunday

## सम्पादकीय

# जनताले सोधेको शक्तिशाली प्रश्न

प्रतिनिधि सभा बैठक अवरोधको अडानबाट पछि हटेको भनेर प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रको सार्वजनिक आलोचना भइरहेको छ । १८ दिनसम्म संसद् अवरोध गर्दै आएको माओवादी केन्द्र, एकीकृत समाजवादी, आम जनता पार्टी र नेपाल समाजवादी पार्टीले आफ्नो अडान छोडेका थिए । सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेसँग सहमति गर्दै यी विपक्षीहरूले संसद् अवरोधको अडान छोडेकाले उनीहरूको आलोचना भइरहेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन विभागका प्रमुख तीर्थराज भट्टराई गत ७ जेठमा पक्राउ परेपछि गृहमन्त्री रमेश लेखकको राजीनामा मागेर विपक्षीहरूले संसद् अवरोध सुरू गरेका थिए । भिजिट भिषा प्रकरणमा घुस लिएको आरोपमा भट्टराईलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पक्राउ गरेको थियो । यो प्रकरणमा गृहमन्त्री लेखकको सचिवालय समेत जोडिएको भन्दै विपक्षीहरूले लगातार संसद् अवरोध गरेका थिए ।

तर माओवादी सहितका केही विपक्षीले गृहमन्त्री लखेकको राजीनामा र छानबीन समिति गठनको माग छाडे । एक महिनाभित्र छानबीन समिति बनाउने बचनमा यी विपक्षीहरू संसद् अवरोधको अडानबाट पछि हटेका छन् । यसरी उधाँरोमा संसद् अवरोधको अडान छोडेको भनेर विशेषगरी माओवादीको आलोचना भइरहेको छ । रास्वपा, राप्रपा लगायतले गृहमन्त्रीको राजीनामा र छानबीन समितिको अडान नछोडेकाले पनि माओवादीप्रति आत्मसमर्पण गरेको टिप्पणी भइरहेको बुझ्न सकिन्छ । घुस प्रकरणमा गृहमन्त्री लेखकलाई दोषी झैं प्रचार गरिएकाले पनि आमसाधरणमा माओवादीले आत्मसमर्पण गरेको कथ्य बलियो बनेको देखिन्छ । यो प्रकरण कसरी अगाडि बढ्छ भन्ने समयान्तरमा देखिने नै छ ।

तर ट्र्याक टूमा जस्तो चर्चा भइरहेको छ, त्यसप्रति भने गम्भीर हुन जरूरी छ । यस्तो टिप्प्णी गर्नेहरूका अनुसार सरकार फेर्नका निम्ति माओवादी, एकीकृत समाजवादी सहितले कांग्रेसलाई फकाउन गृहमन्त्रीको राजीनामाको माग छोडेका हुन् । यदि यो टिप्पणी सही हो भने वर्तमान सरकार धेरै नटिक्न सक्छ, कांग्रेस–माओवादी सहितका दलहरू मिलेर अर्को सरकार बन्न सक्छ । अर्थात् भिजिट भिषा घुस प्रकरण सत्तासँग साटफेर हुन सक्छ । त्यसो हुँदा मुलुकले दोहोरो नोक्सानी बेहोर्नुपर्नेछ । पहिलो– सुशासनको एजेण्डा झनै कमजोर बन्नेछ, र दलहरूप्रतिको अविश्वास बढेर जानेछ । र दोस्रो– राजनीतिक अस्थिरतालाई झनै बढाउनेछ । मुलुकका निम्ति यो घातक कुरा हो । फेरि यसको अर्थ गृहमन्त्रीले राजीनामा दिनैपर्छ भन्ने निष्कर्षमा पुग्न खोजिएको होइन । तर जसरी एजेण्डा उठाइयो र छोडियो, यसप्रति चित्तबुझ्दो जवाफ आमसाधरणलाई उनीहरूले बुझ्ने भाषामै दिनुपर्नेछ ।

# लोकतन्त्रमाथि किन प्रश्न ?

*लोकतन्त्र केवल एउटा प्रणाली होइन, यो हाम्रो सोच, बानी, व्यवहार र संस्कार हो । जब हामी सबैले आफूलाई लोकतन्त्रको हिस्साका रूपमा अनुभूति गर्छौं, त्यतिबेलामात्र लोकतन्त्र बलियो र सर्वमान्य बन्छ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

लोकतन्त्र शब्द सुन्दा नै स्वतन्त्रता, समानता, सहभागिता र उत्तरदायित्वको आभास हुन्छ । जनताबाट चुनिएका प्रतिनिधिहरूले जनताको सेवा गर्ने शासन प्रणालीका रूपमा लोकमान्य लोकतन्त्र संसारभर स्वीकृत छ । तर यति महत्वपूर्ण र आदर्श लाग्ने प्रणाली व्यवहारमा जति सार्थक देखिनुपर्थ्यो, त्यसअनुसार देखिएको छैन । नेपालजस्तो देशमा त झन् लोकतन्त्रलाई सर्वमान्य बनाउनुपर्ने खाँचो अझै गहिरो छ । कारण, यहाँ लोकतन्त्र संस्थागत हुनु त परको कुरा, आम जनताको जीवनशैलीमा लोकतान्त्रिक चेतना नै अझै समाहित हुन सकेको छैन ।

लोकतन्त्र केवल चुनावी प्रणालीमा सीमित होइन । लोकतन्त्र एउटा जीवनशैली हो– सोचाइ, व्यवहार र व्यवस्थामा आत्मसात गर्नुपर्ने संस्कार हो । तर, नेपालमा लोकतन्त्रको अभ्यास नेताहरूको भाषणमा मात्र अड्किएको छ, बरु यो राजनीतिको नाममा गरिएको व्यापारको अस्त्र बन्न पुगेको छ । यही कमजोरीले लोकतन्त्रप्रति आम मानिसको विश्वास नै खस्किँदै गएको देखिन्छ ।

नेपालमा २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनासँगै जनताको अधिकारको युग सुरु भएको थियो । त्यसपछि २०६२/६३ को जनआन्दोलनले पूर्ण लोकतन्त्रको मार्ग खोल्यो । तर ती संघर्षहरूबाट प्राप्त उपलब्धि जनताको वास्तविक जीवनमा परावर्तित भएनन् । जनताले जसरी परिवर्तनको सपना देखेका थिए, त्यसअनुसार व्यवस्थामा सुधार र समृद्धिको अनुभूति हुन सकेन । यसको मूल कारण हो– संस्थागत कमजोरी, नेतृत्वमा इच्छाशक्तिको अभाव र लोकतन्त्रको नाममा गरिने केवल 'नाटक' ।

नेपालमा लोकतन्त्रको कमजोरी मुख्यतः तीन तहमा देखिन्छ– राजनीतिक तह, संस्थागत तह र सामाजिक तह ।


राजनीतिक तहमा कमजोरीको जड राजनीतिक दलहरूको चरित्रमै पाइन्छ । नेताहरू पार्टी भन्दा माथि उठेर राष्ट्रलाई सोच्न तयार छैनन् । विचार र सिद्धान्तमा आधारित राजनीति भन्दा व्यक्ति केन्द्रित र सत्ता-केन्द्रित राजनीति हाबी छ । दलहरूको आन्तरिक संरचना नै अलोकतान्त्रिक हुँदा, उनीहरूबाट बाह्य लोकतान्त्रिक अभ्यासको अपेक्षा गर्नु आत्मप्रवञ्चना मात्र हो । पार्टीभित्र नेतृत्व चयन प्रक्रियामा खुलापन छैन, निर्णयप्रणाली केही सीमित व्यक्तिको घेरामा सीमित छ ।

यसले गर्दा नागरिकले भोगेको लोकतन्त्र केवल चुनावसम्म सीमित हुन्छ । पाँच वर्षमा एक पटक मतदान गर्ने जनताको भूमिका त्यसपछि हराइदिन्छ । शासनको प्रक्रियामा जनताको निरन्तर सहभागिता हुनुपर्छ भन्ने लोकतान्त्रिक मर्म बेपत्ता हुन्छ ।

संस्थागत रूपमा हेर्दा, लोकतन्त्र टिकाउनुपर्ने प्रमुख अङ्गहरू– संसद्, न्यायपालिका, संवैधानिक निकायहरू र सञ्चारमाध्यमहरू– सबै राजनीतिक हस्तक्षेपको चपेटामा छन् । स्वतन्त्र न्यायपालिका भन्नु नाम मात्रै हो, व्यवहारमा न्याय प्रणाली ढिलो, झन्झटिलो र सस्तो नभएर धनीको लागि मात्रै उपयोगी देखिएको छ ।

त्यस्तै, संविधानले तोकेको रूपमा काम गर्नुपर्ने निकायहरू– अख्तियार, मानव अधिकार आयोग, निर्वाचन आयोग आदि– नेतृत्व चयनकै चरणमा राजनीतिक भागबण्डामा सीमित हुँदा तिनको प्रभावकारिता प्रश्नमा परेको छ ।

सञ्चारमाध्यमहरूको स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड मानिन्छ । तर यहाँ अधिकांश मिडिया दल वा व्यवसायिक घरानाको हातमा पुगेका छन् । तिनले निष्पक्ष सूचनाको साटो सत्ताको प्रवक्ता बन्ने होड गरेपछि, जनताको सूचनाको हक कमजोर हुन्छ । जब नागरिकहरू भ्रमित सूचनामा निर्भर रहन्छन्, तब लोकतन्त्रको चेतनामा समेत बिर्को लाग्छ ।



*नेपालमा लोकतन्त्रको अभ्यास नेताहरूको भाषणमा मात्र अड्किएको छ, बरू यो राजनीतिको नाममा गरिएको व्यापारको अस्त्र बन्न पुगेको छ । यही कमजोरीले लोकतन्त्रप्रति आम मानिसको विश्वास नै खस्किँदै गएको देखिन्छ...*

सामाजिक तहमा लोकतन्त्र कमजोर हुनुको मूल कारण हो– जनचेतनाको अभाव । नेपालमा अशिक्षा, गरिबी, जातीय विभेद, क्षेत्रीय असमानता र लैङ्गिक विभेदजस्ता सामाजिक संरचनात्मक समस्या लोकतान्त्रिक अभ्यासको मुख्य बाधक बनेका छन् ।

लोकतन्त्रको सार भनेको सबै नागरिकले समान अवसर पाउनु हो । तर यहाँ जातकै आधारमा विभेद हुन्छ, धर्मकै नाममा मत विभाजन गरिन्छ, महिलालाई दोस्रो दर्जाको नागरिकझैं व्यवहार गरिन्छ, जनजाति, दलित, मुस्लिम समुदायहरूको आवाज सधैं दबाइन्छ । यस्तो अवस्थामा लोकतन्त्र सबैका लागि स्वीकार्य हुनै सक्दैन ।

अझै पनि गाउँ-गाउँमा लोकतन्त्रको अर्थ चुनाव मात्र हो भन्ने भ्रम छ । अधिकारको ज्ञान नभएको, कर्तव्यबोध नगरेको र सरोकारमा चासो नराख्ने समाजले लोकतन्त्रलाई आत्मसात गर्न सक्दैन । जनताको चेतनामा लोकतान्त्रिक मूल्य गहिरो रूपमा प्रवेश गर्न सकेन भने, प्रणालीको सफलताको अपेक्षा गर्नु निरर्थक हुन्छ ।

अब प्रश्न उठ्छ– लोकतन्त्रलाई सर्वमान्य कसरी बनाउने ?

पहिलो खाँचो हो– राजनीतिक नेतृत्वमा सुधार । नेतृत्व केवल चुनाव जित्ने नारा मात्रै होइन, व्यवहारमा पनि लोकतान्त्रिक हुनुपर्छ । दलभित्र आन्तरिक लोकतन्त्र संस्थागत गर्नुपर्छ । नेतृत्वको चयन खुला, पारदर्शी र प्रतिस्पर्धात्मक हुनुपर्छ । मूल्यमा आधारित राजनीति अभिवृद्धि गर्न सकिएन भने, लोकतन्त्र सधैं व्यक्तिकेन्द्रित रहिरहन्छ ।

दोस्रो आवश्यकता हो– राज्यका संस्थाहरूको स्वायत्तता र जवाफदेहीतालाई बलियो बनाउनु । संवैधानिक अंगहरूलाई दलहरूको हस्तक्षेपबाट मुक्त राख्नुपर्छ । उनीहरूको नेतृत्व चयन योग्यता र मर्यादाका आधारमा हुनुपर्छ, भागबन्डामा होइन । संसद्मा प्रश्न सोध्ने संस्कार बलियो हुनुपर्छ, कार्यपालिका उत्तरदायी बन्नुपर्छ, न्यायपालिका स्वच्छ हुनुपर्छ ।

तेस्रो खाँचो हो– नागरिक समाज र सञ्चारमाध्यमको भूमिकामा सुधार । नागरिक समाज निष्पक्ष र निर्भीक हुनुपर्छ । दबाबमूलक समूहहरूको प्रभावकारी सञ्जाल तयार गरेर सरकारलाई सही मार्गमा ल्याउने अभ्यास हुनुपर्छ । सञ्चारमाध्यम स्वतन्त्र, तथ्यमा आधारित र विवेकशील बन्नु आवश्यक छ ।

चौथो कुरा– शिक्षा प्रणालीमा लोकतान्त्रिक चेतनाको विकास । विद्यालयदेखि नै लोकतन्त्रको मूल्य, मानव अधिकार, समानता र विविधताको सम्मानबारे पढाइनुपर्छ । लोकतन्त्र अभ्यास मात्र होइन, संस्कार पनि हो भन्ने बुझाउनुपर्छ ।

पाँचौं– लोकतन्त्रले प्रत्यक्ष रूपमा जनताको जीवनमा परिवर्तन ल्याउनु आवश्यक छ । लोकतन्त्रको मर्म जनताले बुझ्न सक्छन्, जब तिनले आफ्नो जीवनमा सकारात्मक अनुभूति गर्छन् । राम्रो सेवा प्रवाह, न्यायमा पहुँच, शिक्षा र स्वास्थ्यमा सुधार, रोजगारीको अवसर र गरिबी घटाएरै जनतालाई लोकतन्त्रप्रति आस्थावान बनाइन्छ ।

अन्ततः लोकतन्त्र सर्वमान्य बनाउन सबै पक्षको साझा प्रयास आवश्यक छ– नेताहरू, राज्यका अंगहरू, सञ्चारमाध्यम, नागरिक समाज र आम जनतासम्म । लोकतन्त्र केवल एउटा प्रणाली होइन, यो हाम्रो सोच, बानी, व्यवहार र संस्कार हो । जब हामी सबैले आफूलाई लोकतन्त्रको हिस्साका रूपमा अनुभूति गर्छौं, त्यतिबेलामात्र लोकतन्त्र बलियो र सर्वमान्य बन्छ ।

## इतिहासमा आज


१५ जुन २००१ मा चीन, रुस, काजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान र उज्बेकिस्तानका नेताहरूले सांघाई सहयोग संगठन गठन गरेका थिए ।



१५ जुन २००७ मा फिनल्याण्डको लौकाको लिभेस्टुओरमा नोक्काकिभिमनोरञ्जन पार्क खोलिएको थियो ।



१५ जुन २०१३ मा पाकिस्तानी शहर क्वेटामा एउटा बसमा बम विस्फोट हुँदा कम्तिमा २५ जनाको मृत्यु भयो र २२ जना घाइते भएका थिए ।



१५ जुन २०२२ मा माइक्रोसफ्टले आफ्नो नयाँ ब्राउजर, माइक्रोसफ्ट एजको पक्षमा २६ वर्षपछि आफ्नो सर्वव्यापी इन्टरनेट एक्सप्लोररलाई बन्द गर्ने निर्णय गरेको थियो ।



# चीनको नान्जिङ : ऐतिहासिक र आधुनिकताको संगम

यात्रा-संस्मरण



● किरण बिक

*सुरुमा पंक्तिकारलाई नान्जिङ जान उत्साह थिएन, किनभने चाहना शांघाइ वा बेइजिङ जस्ता ठूला र प्रख्यात सहरहरूमा भ्रमण गर्ने थियो । तर, नान्जिङको सांस्कृतिक र ऐतिहासिक महत्वलाई नजिकबाट बुझ्न पाउँदा भने निकै उत्साह प्राप्त भयो । यस भ्रमणले नजिकैको अर्को सहर चिंग्दाओ भ्रमण गर्ने अवसर पनि प्रदान गर्‍यो, जसले चीनको विविधता र सौन्दर्य झल्कायो...*

चीनको नान्जिङ एउटा महत्त्वपूर्ण ऐतिहासिक तथा सांस्कृतिक सहर हो, जसले आफ्नो समृद्ध इतिहाससँगै आधुनिक विकासको सफल उदाहरण प्रस्तुत गरेको छ । पूर्वी चीनमा याङ्जी नदीको किनारमा अवस्थित यो सहर जिआंग्सु प्रान्तको राजधानी हो र विभिन्न कालखण्डमा चीनको राजनीतिक केन्द्रको रूपमा भूमिका निर्वाह गर्दै आएको छ । 'नान्जिङ'को अर्थ 'दक्षिणी राजधानी' हो र यो सहर मिंग वंशदेखि लिएर गणतन्त्र चीनको प्रारम्भिक समयसम्म चीनको राजधानी रहिसकेको छ । पंक्तिकारले यस वर्ष मे महिनामा चीनको नान्जिङ भ्रमण गर्न पाएको थियो, जुन भ्रमण नेपालमा रहेको चिनियाँ दूतावासको समन्वयमा सम्पन्न भएको थियो । यो भ्रमण शैक्षिक र सांस्कृतिक गतिविधिहरूको संयोजनमा भएको थियो, जसमा उच्चस्तरीय प्राध्यापकहरूले सञ्चालित कक्षाहरू र सांस्कृतिक भ्रमणहरू समावेश थिए । भ्रमणको औपचारिक अवधि मे ६ देखि मे २१ सम्म रहेको भए पनि मेरो व्यक्तिगत भ्रमण मे ७ देखि मे २१ सम्म सीमित रह्यो । नेपालबाट ६ सदस्यीय टोलीका रूपमा भ्रमणमा गएका थियौं ।

सुरुमा पंक्तिकारलाई नान्जिङ जान उत्साह थिएन, किनभने चाहना शांघाइ वा बेइजिङ जस्ता ठूला र प्रख्यात सहरहरूमा भ्रमण गर्ने थियो । तर, नान्जिङको सांस्कृतिक र ऐतिहासिक महत्वलाई नजिकबाट बुझ्न पाउँदा भने निकै उत्साह प्राप्त भयो । यस भ्रमणले नजिकैको अर्को सहर चिंग्दाओ भ्रमण गर्ने अवसर पनि प्रदान गर्‍यो, जसले चीनको विविधता र सौन्दर्य झल्कायो । नान्जिङ ऐतिहासिक रूपमा चीनको शिक्षा, संस्कृति र सभ्यताको केन्द्र रहँदै आएको छ । यो सहर मिंग वंशको राजधानी भएकोले वास्तुकला र सांस्कृतिक विकासमा उल्लेखनीय प्रगति गरेको छ । यस क्रममा नान्जिङको सहर पर्खाल ठूलो र सुरक्षित प्राचीन पर्खालहरूमध्ये एक हो । साथै, यहाँ कन्फुसियस शिक्षणको परम्परा रहँदै आएको छ र आज पनि नान्जिङ विश्वविद्यालयजस्ता प्रतिष्ठित शैक्षिक संस्थाहरूले यसको गहिरो सांस्कृतिक जरा प्रस्तुत गरिरहेका छन् ।



हाम्रो भ्रमणको मुख्य आकर्षण भनेको नान्जिङ सूचना विज्ञान तथा प्रविधि विश्वविद्यालयमा सञ्चालन भएका शैक्षिक कक्षाहरू थिए । यो विश्वविद्यालय विशेषगरी मौसम विज्ञान, वातावरण अध्ययन र डाटा विश्लेषणमा अग्रणी मानिन्छ । यसको आधुनिक शैक्षिक संरचना र अन्तर्राष्ट्रिय सहयोगले यसलाई चीनमा मात्र नभई विश्वभर लोकप्रिय बनाएको छ । विश्वविद्यालयको क्यान्टिनमा स्वादिष्ट र सस्तो भोजन पाइन्थ्यो, जुन पंक्तिकारको लागि सबैभन्दा मन पर्ने स्थान बन्यो । तर, स्थानीय जनतासँगको अन्तरक्रियामा केही कठिनाइ अनुभव गर्नुपर्‍यो । धेरैजसो स्थानीय मानिसहरू संवाद गर्न उत्सुक थिएनन्, जसले गर्दा स्थानीय जीवनशैली र संस्कृति नजिकबाट बुझ्न पूर्ण अवसर प्राप्त भएन ।

त्यसबाहेक, भ्रमणका क्रममा कर्मचारी र प्रशासनिक पक्ष अत्यन्तै सहयोगी र स्वागतयोग्य थिए, जसले हामीलाई सम्मान र आदरको अनुभूति गरायो । नान्जिङको इतिहास अत्यन्तै महत्त्वपूर्ण छ, तर त्यहाँ एक दुःखद घटना पनि छ – १९३७ को नान्जिङ हत्याकाण्ड । यो घटना जापानी सैन्य आक्रमणको क्रममा सहरमा भएको मानवता विरुद्धको अपराध हो, जसमा हजारौं निर्दोष मानिसहरूको हत्या गरिएको थियो । यो घटना नान्जिङ हत्याकाण्ड स्मारक हलमा श्रद्धासाथ राखिएको छ र यो घटनाले युद्धको क्रूरता र मानवीय धैर्यतालाई स्पष्ट पार्दछ ।

आजको नान्जिङ एक आधुनिक, आर्थिक र औद्योगिक केन्द्रको रूपमा विकसित भइसकेको छ । यहाँ उत्पादन, वित्तीय सेवा, प्रविधि र शिक्षाको क्षेत्रमा तीव्र विकास भएको छ । सहरमा सुव्यवस्थित सडक, सफा वातावरण र आधुनिक पूर्वाधार छन् । यसले नान्जिङलाई चीनका अन्य मुख्य सहरहरू र विश्वका विभिन्न भागसँग जोडेको छ ।

सांस्कृतिक दृष्टिले पनि नान्जिङले पुरानो र नयाँलाई सुन्दर रूपमा मिश्रण गरेको छ । मिंग सियालिङ माउसलियम, कन्फुसियस मन्दिर र सन यातसेन म्युजियम जस्ता स्थलहरूले यसको समृद्ध इतिहासलाई प्रतिबिम्बित गर्छन् भने आधुनिक कला, वास्तुकला र सांस्कृतिक कार्यक्रमहरूले यसलाई जीवित र सजीव बनाइरहेका छन् ।

समग्रमा, हाम्रो भ्रमण अत्यन्तै सफल र स्मरणीय रह्यो । पंक्तिकारलाई नान्जिङको सांस्कृतिक, ऐतिहासिक तथा शैक्षिक पक्षलाई नजिकबाट बुझ्न पाएकोमा गर्व छ । भ्रमणपछि पनि पंक्तिकार नान्जिङको यादमा डुबेको छ र भविष्यमा पुनः त्यो सुन्दर सहर भ्रमण गर्ने इच्छा राख्दछ । नान्जिङ एउटा यस्तो सहर हो जहाँ इतिहासले आधुनिकतालाई अँगालेको छ । यसको समृद्ध इतिहास, उत्कृष्ट शैक्षिक संस्थानहरू र आधुनिक पूर्वाधारहरूले चीनको सांस्कृतिक गौरव र विकासको सन्देश दिन्छ । यो भ्रमण मेरो लागि व्यक्तिगत र शैक्षिक रूपमा एक महत्त्वपूर्ण अनुभव रह्यो, जसले मेरो दृष्टिकोणलाई फराकिलो बनाएको छ ।

## सामाजिक सञ्जाल



रञ्जित तामाङ

प्रधानमन्त्री र मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक नगर्नु व्यवस्थामाथिको बेइमानी हो । यही बेइमानहरूको डङ्गुरबाट दुर्गा प्रसाईंजस्ता नीलो झिँगाहरू हुर्किएर गणतन्त्रमाथि भन्किनु स्वाभाविक हो । यस्ता फ्यात्तै कुहिएका मूलाहरूले गणतन्त्रको रक्षा गर्छ भनेर पत्याउनु पर्ने ! राम राम..



प्रेमकान्त अधिकारी

अडान यथावत् कायम राखिरहने हो भने सत्तापक्ष र प्रतिपक्षबिच को नरम, को गरम ? जिम्मेवारीबाट उम्किन कोही नपाओस् । देशको कार्यकारी प्रमुख गतिछाडा मति छाडा भयो । समस्यालाई समाधान गर्न नसक्ने भय छोडे हुन्छ । समन्वय ल्याउन भन्दा अल्झिरहोस् जस्तो सोचाइ, यस्तो पनि सरकार हुन्छ ?



मुमाराम खनाल

कुनै द्विविधा छैन- राज्यले अधिकांश मामिलामा विरोध सुन्नै सक्दैन । तर, समाज पनि कम्ती भाँडिएको छैन । कुनै पनि प्रमाणबिना जसलाई जति बेला जे मन लाग्यो त्यही आरोप लगाउँदै मिडियामा अन्तर्वार्ता दिने बाढी आएको छ । अराजक शासकभन्दा अराजक समाज अझ बढी पीडादायी हुन्छ । मिडिया पनि सुध्रिने कि ?



केपी ढुंगाना

दर्तावाला मक्ख नपरे हुन्छ । सूचना विभागमा दर्ता, प्रेस काउन्सिलमा सूचिकृत भएकालाई साइबर ल दफा ४७ नलाग्ने कानुनी हैन, व्यवहारिक समझदारी मात्र हो है प्रहरी र काउन्सिलको । दफा उखेलेर नमिल्काएसम्म दर्ता भए नि नभए नि लेखेको/बोलेको आधारमा प्रहरी वारेन्ट बोकेर आउन सक्छ ।

# मधेशमा अत्यधिक गर्मीले जनजीवन प्रभावित

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३१ जेठ



मधेश प्रदेशमा प्रचण्ड गर्मीले जनजीवन प्रभावित बनाएको छ। तापक्रम अत्यधिक बढेसँगै प्रदेशका आठ वटै जिल्लामा विशेषगरी दिउँसोको समयमा मुख्य सडकहरू सुनसान देखिएका छन् । अत्यावश्यक कामबाहेक मानिसहरू घर बाहिर निस्किएका छैनन् ।

रौतहटसहितका विभिन्न जिल्लाहरूमा जनस्वास्थ्य, यातायात, दैनिक क्रियाकलाप र जलस्रोतहरूमा समेत यसको गम्भीर असर परेको छ । रौतहटको गौर, चन्द्रनिगाहपुर, कटहरिया, गरुडा, इशनाथ, बन्कुल, मौलापुर लगायतका शहरी तथा ग्रामीण क्षेत्रका सडकहरूमा मानिसहरूको आवत-जावतमा कमी देखिएको छ । तापक्रम ४२ डिग्री सेल्सियस आसपास पुगेको र हावा समेत चल्न नछाड्दा गर्मी झनै बनेको स्थानीयको गुनासो छ ।

गर्मीका कारण कतिपय गाउँमा प्रयोग हुँदै आएका चापाकल (हातेपम्प) सुक्न थालेका छन् । रौतहटको केही क्षेत्र लक्ष्मीपुर, बन्कुल, तेजापाकड, महमदपुर, गौर जस्ता गाउँहरूमा पम्प गरिने पानीको सतह निकै तल झरेको छ, जसका कारण दैनिक उपभोग्य पानी लिनसमेत स्थानीयलाई कठिनाइ परेको छ । 'पानी तान्दा घण्टौ लाग्छ, त्यो पनि थोरै आउँछ,'परोहा नगरपालिका-७ का एक स्थानीयले भने, 'बिहान-साँझको कामका लागि धेरैपटक प्रयास गर्नुपर्छ, एकैचोटि पर्याप्त पानी आउँदैन ।'

पिउने पानीको अभावले स्वास्थ्य समस्या थपिने जोखिम उच्च भएको जनस्वास्थ्यकर्मीहरूको चेतावनी रहेको छ।

गर्मीका कारण विद्यालयहरूमा समेत उपस्थिति कम देखिन थालेको छ। कतिपय विद्यालयले पठनपाठन स्थगित गर्न थालेका छन् भने कतिपयले अत्यावश्यक अवस्थामा मात्रै सञ्चालन गरिरहेका छन् । विद्यार्थी र अभिभावक दुवैले गर्मीका कारण स्वास्थ्यमा असर पर्ने डर व्यक्त गरेका छन् ।

यस्तै, बजारहरूमा पनि बिहान र साँझ बाहेकको समयमा ग्राहकको उपस्थिति कम देखिएको छ । फलफूल, तरकारी तथा दैनिक उपभोग्य सामान किनमेल गर्न मानिसहरू बिहानै बजार धाउने गरेका छन् ।

गर्मीका कारण ज्वरो, घाम लाग्ने (सन स्ट्रोक), अपच, डिहाइड्रेसनजस्ता समस्याहरू बढ्दै गएका छन् । प्रादेशिक अस्पताल गौरका अनुसार, पछिल्लो एक हप्तामा अत्यधिक गर्मीका कारण प्रभावित भएर उपचार लिन आउनेको संख्या दोब्बर बढेको छ । 'खासगरी वृद्ध, बालबालिका र महिला बढी प्रभावित भएका छन्,' एक स्वास्थ्यकर्मीले भने ।

यस्तो बेला स्थानीय सरकारको तयारी भने अत्यन्तै कमजोर देखिएको छ । न खानेपानीको आपतकालीन व्यवस्था गरिएको छ, न शीतल स्थल वा प्राथमिक उपचार सेवा सहज बनाइएको छ। कतिपय पालिकामा स्वास्थ्यकर्मीको उपस्थिति नै नभएको स्थानीयले गुनासो गरेका छन् ।

विशेषज्ञहरूका अनुसार, पछिल्ला वर्षहरूमा मधेश प्रदेशमा गर्मीको अवधि लम्बिएको, तापक्रम नयाँ रेकर्डमा पुगेको र सुख्खा प्रभाव गहिरिँदै गएको देखिन्छ । यो अवस्था जलवायु परिवर्तनसँग जोडिएको बताउँदै मौसम विज्ञहरूले दीर्घकालीन योजना निर्माण गर्न आग्रह गरेका छन् ।

गर्मीबाट बच्न स्वास्थ्य मन्त्रालयले नागरिकलाई दिउँसोको समयमा घरमै बस्न, हल्का कपडा लगाउन, प्रशस्त पानी पिउन, घाममा नहिँड्न, छायाँयुक्त स्थानमा बस्न र आवश्यक परेमा चिकित्सकको सल्लाह लिन सुझाव दिएको छ ।

सरकार र स्थानीय तहहरूले स्वच्छ खानेपानीको आपूर्ती, स्वास्थ्य सेवा सुदृढीकरण र जनचेतना कार्यक्रमलाई तीव्रता नदिएमा आगामी दिनहरूमा स्थिति झनै भयावह बन्न सक्ने संकेत देखिएको छ ।

# लोकसेवा तयारी कक्षा नपढाइ लाखौं हिनामिनाको आरोप

**दिवस रिजाल/मध्यान्ह**
खोटाङ, ३१ जेठ



खोटाङ दिक्तेलमा लोकसेवा तयारी कक्षा सञ्चालनमा विद्यार्थी नै नपढाइ लाखौं रकम हिनामिना गरेको आरोप लागेको छ। खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले लोकसेवा तयारी कक्षा सञ्चालनमा विद्यार्थी नै नपढाइ लाखौं रकम हिनामिना गरेको आरोप लागेको हो ।

आर्थिक वर्ष २०८०/८१ सालको महालेखा परीक्षकको कार्यालयले तयार पारेको प्रतिवेदनमा किराँत राई विद्यार्थी संघ, हिमालय आइटी इन्स्टिच्युट र शैक्षिक विकास तथा युवा रोजगार फाउन्डेसनलाई लोकसेवा तयारी कक्षा सञ्चालनमा विद्यार्थी नपढाइ र बिल नै पेश नगरी लाखौं रकम भुक्तानी गरेको भनी उल्लेख गरेको पाइएको हो ।

शैक्षिक विकास तथा युवा रोजगार फाउण्डेसनलाई २० जनाको ११ हजार ६२ का दरले २ लाख ५० हजार विद्यार्थी नै नपढाइ तथा सक्कल बिल नै पेश नगरी भुक्तानी गरेको पाइएको हो । यसैगरी किराँत राई विद्यार्थी संघलाई बिल नै पेश नगरी रु ३ लाख भुक्तानी गरेको छ ।

हिमालय आइटी ईन्स्टिच्युट्ले हाजिरीभन्दा बढी विद्यार्थी खडा गरी १ लाख १६ हजार ६ सय ६० रुपैयाँ दिक्तेल नगरले भुक्तानी गरेको छ । यस्तो हचुवाको भरमा विद्यार्थी नै नपढाइ तथा हाजिरी भन्दा बढी विद्यार्थी खडा गरी भुक्तानी गरेको भन्दै उक्त संस्थाबाट असुल गर्नुपर्ने महालेखाले आफ्नो प्रतिवेदनमा भनेको छ ।

## ४ वटा अस्पताललाई पोषणमैत्री घोषणा

**सिन्धुली/मस**–सिन्धुलीका २ पालिकामा रहेका ४ वटा स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ ।

फिक्कल गाउँपालिकाको २, ३ र ५ का ३ वटा स्वास्थ्य संस्था र तीनपाटन गाउँपालिका-१० को स्वास्थ्य चौकीलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको हो। तिनपाटन-१० को स्वास्थ्य चौकी बागमती प्रदेशकै पहिलो पोषणमैत्री स्वास्थ्य चौकी हो । फिक्कल गाउँपालिका-५ को स्वास्थ्य चौकी सोल्पाठानालाई एक कार्यक्रमका बीच घोषणा गरिएसँगै पोषणमैत्री स्वास्थ्य संस्थाको संख्या ४ पुगेको हो । सरकारले सन् २०३० भित्र नेपाललाई कुपोषण मुक्त राष्ट्र घोषणा गर्ने गरी दिगो विकास लक्ष्य तय गरेको छ ।

यसअघि फिक्कल गाउँपालिका-२ को स्वास्थ्य चौकी सुम्नामा पोखरी र वडा नम्बर -३ को फिक्कल अस्पताललाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको फिक्कल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बर बहादुर रजन मगरले जानकारी दिए ।

# एनआरएन साउदी अरब क्षेत्रीय समन्वय समितिहरूमा नयाँ नेतृत्व



**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, ३१ जेठ

'नेपालका लागि नेपाली'भन्ने मूल नाराका साथ स्थापित गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्गत साउदी अरब क्षेत्रीय समन्वय समितिहरूका अधिवेशनहरू भव्य रूपमा सम्पन्न भएका छन् । यी अधिवेशनहरूबाट नयाँ नेतृत्व सर्वसम्मत तथा निर्विरोध रूपमा चयन गरिएको छ ।

शुक्रबार दम्मामस्थित होलिडे होटलमा सम्पन्न पूर्वी क्षेत्रीय समन्वय समितिको नवौं अधिवेशनले धनकुमार लामाको नेतृत्वमा नयाँ कार्य समिति चयन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा अनमोल ठकुरी, कोषाध्यक्षमा सी.बी. पाटा मगर र सह-अध्यक्षान पासाङ शेर्पा निर्वाचित भएका छन् । निर्वाचन समिति सदस्य पदम बहादुर महतका अनुसार अन्य सदस्यहरू पनि चयन गरिएका छन् । यसअघि दुई कार्यकाल (२०२१-२०२३ र २०२३-२०२५) सफलतापूर्वक सञ्चालन गरेका निवर्तमान अध्यक्ष विष्णु प्रसाद भण्डारीले नेतृत्व हस्तान्तरण गरेका हुन् ।

कार्यक्रमको अध्यक्षता निवर्तमान अध्यक्ष भण्डारीले गरेका थिए । प्रमुख अतिथिको रूपमा एनआरएनए एनसीसी साउदी अरबका पूर्वअध्यक्ष तथा नेपाली दूतावास, रियादका जनसम्पर्क अधिकारी नारायण पासवान, विशिष्ट अतिथिमा पूर्व अध्यक्ष तेज थापा, वर्तमान अध्यक्ष रविना अर्याल, र एनसिसि सल्लाहकार तथा संरक्षक मण्डलको उपस्थिति रहेको थियो ।

यसैबीच गैरआवासीय नेपाली संघ क्षेत्रीय समन्वय समिति रियाद (आरसीसी रियाद) को दोस्रो अधिवेशन महेश घिमिरेको अध्यक्षतामा सम्पन्न भएको छ । अधिवेशनबाट जितेन्द्र थपलिया निर्विरोध अध्यक्षमा चयन भएका छन् । कार्यसमितिमा राजु बराल उपाध्यक्ष, देवेन्द्र विश्वकर्मा सचिव, अभिषेक खरेल सह-सचिव, मिनप्रसाद अधिकारी कोषाध्यक्ष, तुलसी दवाल सह-कोषाध्यक्ष र प्रधून्न तिमल्सिना प्रवक्तामा चयन भएका छन् ।

साथै, जगजीवनराम, नरेश महरा, मुस्कान शर्मा, बमबहादुर सार्की, धीरज बिक, रोशन बस्नेत, कृष्णमाया हुमागाई, अनिल राणाभाट, मनोज भारती, गोपालप्रसाद आचार्य, र रोशनी श्रेष्ठ सदस्यका रूपमा निर्वाचित भएका छन् ।

यस्तै एनआरएनए क्षेत्रीय समन्वय समिति जेद्धाको निर्वाचनबाट दण्डपाणी अर्याल अध्यक्षमा निर्वाचित भएका छन् । समितिको उपाध्यक्षमा चिरञ्जीवी बस्नेत, देवराज अर्याल सचिव, कृष्ण कुमार थापा सह-सचिव, लक्ष्मण रोकाया कोषाध्यक्ष, र मोहनराज गुरुङ सह-कोषाध्यक्षका रूपमा चयन भएका छन् ।

सन्तोष खड्का, प्रितम खड्का, र गोबिन्द बहादुर दियाल सदस्यका रूपमा निर्वाचित भएका छन् ।

आरसीसी आरसिसि अल कासिमको छैठौं अधिवेशन तथा श्रमिक सचेतना कार्यक्रम सम्पन्न भएको छ । अधिवेशनले विनोद खड्काको अध्यक्षमा नयाँ नेतृत्व निर्विरोध निर्वाचित गरेको छ । नयाँ कार्यसमितिमा बिर बहादुर तामाङ उपाध्यक्ष, सिद्धिलाल श्रेष्ठ सचिव, कृष्ण लोहनी सह-सचिव, चिरञ्जीवी अर्याल कोषाध्यक्ष, अली उर्सिन मिया सह-कोषाध्यक्ष, र मोहन जंग क्षेत्री युवा संयोजक चयन भएका छन् । धन कुमार आचार्य, जीवन तामाङ, राकेशराज ठाकुर, किरण मोक्तान, र गुरु भट्टराई सदस्यमा निर्वाचित भएका छन् । यस्तै गैरआवासीय नेपाली संघ क्षेत्रीय समन्वय समिति जिजान-आभा-खमिसको चौथो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट शंकर पौडेल निर्विरोध अध्यक्षमा चयन भएका छन् । कार्यसमितिमा सन्तोष परियार र रबिन श्रेष्ठ उपाध्यक्ष, डम्बर खड्का सचिवमा चयन भएका छन् ।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office Kathmandu**
**Road Division Bhaktapur, Katunje**

**Invitation for Bids**

**Notice No.:- DROBKT/17/081/082**
**Date of Publication: 2082/03/01,15 July 2025**

1. Road Division Office ,Bhaktapur Katunje invites open competitive biddings from Eligible Bidders for the construction of following works under National Competitive Bidding Procedures.

| S. N. | Contract Number | Description and location of work | Estimate Amount in NRs. (Exclusive of VAT and Contingencies) | Time For Completion From date of work order | Bid Security Amount (NRs.) | Bid Validity Period /Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | DROBKT/337011384/ 081/082/72 | Rehabilitation of BP Highway NH-13 Sukha Pahiro to Dallabeshi ,Kavrepalanchowk (CH 116+220 TO CH 118+500 | N/A | 24 months | 25.00 million | 120 days / 150 days | 20,000.00 | Sealed Tender (Single Stage Double Envelope) |

Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids:-

| Pre-bid meeting | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash For the Bid Security |
|---|---|---|---|---|
| 2082-03-22 (6th July 2025) at 13:00 hours at Road Division Bhaktapur,Katunje | Before 2082-03-31(15th July 2025) At 12:00 hours . | On 2082-03-31(15th July 2025) At 13:00 hours . | Nepal Bank Limited, Kamalbinayak, Bhaktapur Name of Office 204 Road Division Bhaktapur Office Code no. : 337013301 Office Account no.: 00101000000001001001 Rajaswa (revenue) Shirshak no. : 14229 | Account Name: Ko.Le.Ni.Ka., Bhaktapur, Bank Name: Nepal Bank Limited, Bank Address: Kamalbinayak,Bhaktapur, Office Code No.:337013301) Account Number: 01901000002003000001 |

2. Eligible Bidders are advised to visit PPMO's website **www.bolpatra.gov.np/egp**, for further details or contact to Road Division Bhaktapur Katunje.
3. A complete Set of Bidding Document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp**, and must be submitted through electronically only.
4. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date.
5. Matters not covered by this notice shall be in according with Public Procurement Act, 2063 and Public Procurement regulations 2064, and other prevailing Rules and Regulations.

**प्राविधिक प्रस्ताव छनौट भएका बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्ने सूचना**

यस सडक कार्यालयको तपशिलको ठेक्का मिति २०८२/०१/०२, आर्थिक राष्ट्रिय दैनिक र www.bolpatra.gov.np/egp मा प्रकाशित गरि बोलपत्र आव्हानको सूचना अनुसार प्राविधिक प्रस्तावहरु खोली सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ ज बमोजिम परीक्षण गरी योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव मितिः २०८२/०३/०८ गते, समय : दिनको ११ बजे, स्थानः सडक डिभिजन कार्यालय भक्तपुरमा खोलिने भएकोले उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | सफल बोलपत्रदाताहरू | | | |
|---|---|---|---|---|
| DROBKT/ 337011694/ 081/082/71 | 1 | M/S Pandey and Company Pvt. Ltd. | 8 | M/S Bijayshwori/RNS/Gole JV |
| | 2 | M/S Bhandari/Amarjyoti JV | 9 | M/S Ramechhap Sherpa Construction |
| | 3 | M/S kharidhunga/Joshi/ U&S JV | 10 | M/S Jaya/ Dhananjaya/ HCR JV |
| | 4 | M/S Balkot/ Siddhakali JV | 11 | M/S Sulav/Changmila/Batu JV |
| | 5 | M/S Sugam/DeviBishnu/Karma JV | 12 | M/S Mahalaxmi / Bhujel JV |
| | 6 | M/S Gauri Ganesh Nirman Sewa | 13 | M/S Saras/Tamang Marin/Jeevan JV |
| | 7 | M/S Rojan Nirman Sewa Pvt. Ltd. | 14 | M/S Sunkoshi/Rupkali JV |

डिभिजन प्रमुख

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ असार २०८२ आइतबार
15 June 2025, Sunday

# 'जनै हराएको मान्छे'को नयाँ पोस्टर सार्वजनिक




**काठमाडौं/मस**–चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'ले क्यारेक्टर लुक्स सार्वजनिक गर्न सुरु गरेको छ । केही दिन अगाडि यो चलचित्रका मुख्य कलाकार विजय बरालको क्यारेक्टर लुक्स सार्वजनिक गरेको निर्माणपक्षले शनिबार भोलाराज सापकोटा र आरुस भुसालको लुक्स सार्वजनिक गरेको छ ।

भोलाराज सापकोटा कमिज, स्टकोट र ढाका टोपीमा छन् । झुस्स दाह्रीमा रहेका उनी थोरै तनावमा देखिएका छन् । सँगै छन् आरुस । झोला बोकेर कपाल मुन्डन गरेको अवस्थामा रातो लुगामा छन् । लुगा पसिनाले निथ्रुक्क भिजेका छन् ।

उनको यो स्वरुपले उनी संस्कृत भाषा पढिरहेको संकेत गरेको छ । पृष्ठभूमिमा रहेका मन्दिरहरूले यसलाई पुष्टि गर्छ । भोलाराजको छोराको भूमिकामा आरुस छन् ।

उनले भनेका छन्, 'यो संसारमा सबैभन्दा महंगो केरो बाबाको पसिना रहेछ । यसले बाउले छोराका लागि गरेको संघर्ष बुझाउँछ ।'

जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'लाई निर्देशक हिमाल न्यौपानेले निर्देशन गरेका छन् । विजय बराल यो सिनेमाको मुख्य कलाकार हुन् । 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू' भदौ ६ गते रिलिज हुनेछ । यो चलचित्र अहिले पोस्टप्रोडक्सनमा छ ।

चलचित्रको असोसियट निर्देशकमा 'प्रेमगीत ३' अभिनेता मनिष राउत छन् । असोसियट निर्देशक राउतका अनुसार 'जनै हराएको मान्छे'ले बाबु र छोराको सम्बन्धका सूक्ष्म र भावनात्मक धागाहरूलाई केलाउने प्रयास गरेको छ ।

राउतले भने, 'यो सम्बन्ध महसुस गर्दा सबैभन्दा गहिरो हुन्छ, तर शब्दमा व्यक्त गर्न कठिन हुन्छ । हामीले यही भावनालाई फिल्ममा उतार्ने कोसिस गरेका छौं ।'

बलियो लाइनअप देखिएको चलचित्रमा विजय, भोलाराज र आरुससँगै अभिनेत्री केकी अधिकारी, अभिनेत्री मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापालागायतको अभिनय छ ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । कार्यकारी निर्मातामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन छन् ।

थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीको संगीत रहेको चलचित्रमा नवीन गुरुङ डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी छ ।

चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका हुन् । दिनेश बहादुर राउत मुख्य सहायक निर्देशक रहेको सिनेमामा तर्कराज न्यौपाने, रविन्द्र नेपाल, मोनिका थापा र आकाश के.सी सहायक निर्देशक रहेका छन् । चलचित्रका निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल हुन् । गोविन्द शाहीको काफिया फिल्मसले वितरणको जिम्मा लिएको छ ।

अल टाइम ब्लक बस्टर चलचित्र 'पूर्णबहादुरको सारंगी'पछि विजय बरालको मुख्य भूमिकामा आउन लागेको यस वर्षको यो पहिलो चलचित्र हो ।

२०८१ मा नेपाली चलचित्र उद्योगलाई ब्लकबस्टर सिनेमा दिने विजय र केकी 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को मुख्य भूमिकामा सँगै देखिँदै छन् ।

# 'महाभोज'मा देखिने छ सहकारी पीडितको आवाज




**काठमाडौं/मस**–अभिनेत्री वसुन्धरा भुसालले सहकारी अपचलनको कथामा आधारित चलचित्र 'महाभोज' तयार भएको बताएकी छन् ।

नेपालको पहिलो चलचित्र 'आमा' मा अभिनय गरेकी भुसालले सहकारीका नाममा ठगिएका नागरिकको पीडा, राजनीतिक प्रभावको दुरुपयोग र सामाजिक असमानताका विषयलाई चलचित्रमा उतारेकी हुन् ।

उनले भनिन्, 'सहकारीमा एक परिवारले बचत गरेको रकम अपचलन हुँदा त्यसले परिवार र समाजमा पार्ने असरलाई देखाएका छौँ । म आफैँ सहकारी पीडित हुँ, मैले यसविरुद्ध आवाज उठाएँ, आन्दोलन गरेँ तर न्याय अझै पाएकी छैन । यो चलचित्र हामीजस्ता अन्यायमा परेका पीडितको आवाज हो । यसले एउटा बुलन्द आवाज उठाउँछ भन्ने मैले विश्वास लिएकी छु ।'

भुसालले सहकारीमा जीवनभरको बचत गरेका मानिसले रकम फिर्ता नपाउँदा जीविकोपार्जनमा कठिनाइ भोगेको बताइन् ।

चलचित्रमा दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल, मोहन निरौलालगायतले अभिनय गरेका छन् । 'क्लकवर्क क्रियसन' र 'पिक्चर फ्रेम' ले संयुक्त रूपमा निर्माण गरेको यो चलचित्र शनिबारदेखि प्रदर्शनमा आएको छ ।

# भुसालको 'छालबाटो' माथि चर्चा

**पोखरा/मस**–पोखरामा शनिबार रमेश भुसालको कृति 'छालबाटो' माथि परिचर्चा गरिएको छ । पत्रकार तथा लेखक भुसालले कर्णालीको उद्गम मप्चा खम्बादेखि भार तसम्मको ४५ दिने यात्राको विवरण समेटेर पुस्तक लेखेका हुन् । पुस्तकमाथि परिचर्चाको चाँजोपाँजो र्‍यान्डम रिडर्स सोसाइटीले मिलाएको थियो ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा कृतिमाथि अवधारणापत्र प्रस्तुत गर्दै साहित्यकार रोशन शेरचनले पाठकले भौतिक र मानसिक दुवै यात्राको स्वाद पुस्तकबाट पाउने धारणा राखे ।

लेखक भुसालले कर्णालीको मुहान, तिब्बतको विकासका प्राथमिकता, सीमानाका सुरक्षा र तटीय बस्तीको समाजशास्त्रीय अवलोकन गरेर कृति लेखेको उनले बताए । शेरचनले भने, 'भुसाल कर्णालीको विस्तृति देखेर जति प्रभावित हुन्छन्, जलआश्रित आदिवासी महिलाको जर्जर अवस्था देखेर उत्तिकै संवेदित बन्छन् ।'

साहसिक पर्यटनले संस्कृतिको रूप नलिएको हाम्रो समाजमा आर्थिक अवस्था पनि अवरोध बनेको शेरचनले बताए ।

'छालबाटो'मा वर्णन मात्रै नभएर लेखकका अनूभुतिहरू पनि प्रशस्तै आएका बताउँदै शेरचनले कृतिमा मूल कर्णालीलाई निर्बाध बग्न दिनुपर्छ भन्ने कुराको उल्लेख भएको बताए ।




कार्यक्रममा लेखक भुसालले नेपालीहरू नदी प्रणालीप्रति आश्रित भएर पनि तिनलाई व्यावहारिक रूपमा माया गर्न नसेकेको कुराले आफूलाई किताब लेखन प्रेरित गरेको बताए । हिमाल र नदीको सम्बन्धलाई विकासका नाममा भएका कामले बाधा उत्पन्न गरेको बताउँदै उनले नदी प्रणालीप्रतिको धारणा किताबमा राखेको सुनाए । नदी मानिसका लागि मात्र नभई बाघ वा अन्य प्राणीका लागि पनि भएको उनको भनाइ छ ।

साहित्यकार सरुभक्तले छालबाटो यात्रासंस्मरण मात्र नभई अनुसन्धानात्मक कृतिका रूपमा आफूले अध्ययन गरेको बताए ।

कार्यक्रममा सहसचिव दीपक पराजुली र पुस्तक छनोट समितिकी सदस्य हसिना बस्नेतले टिप्पणी गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव नेपालप्रकाश अधिकारीले गरेका थिए ।

सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै कृति वा विषयवस्तुमाथि परिचर्चा गर्दै आएको छ ।

# 'खै त मायाले कुरा बुझेको' भिडियो गीत बजारमा




**काठमाडौं/मस**–पछिल्लो समय राजेन्द्र बजगाईंको गीत तथा संगीत संयोजनमा एकपछि अर्को गीतको भिडियो सार्वजनिक भइरहेको छ । यसै क्रममा गायिका शर्मिला बर्देवा र प्रमोद शर्माको स्वरमा 'खै त मायाले कुरा बुझेको' गीतको भिडियो सार्वजनिक भएको हो । यसमा दिनेशराज पुरीको शब्द, राजेन्द्र बजगाईंको गीत तथा संगीत संयोजन रहेको छ । स्टुडियो २१, म्युजिक किचन र स्टनवेल स्टुडियो लण्डनमा रेकडिङ्ग गरिएको गीतको मिक्सिङ माष्टरिङ्ग मनोज परियारले गरेका हुन ।

सियोन श्रेष्ठको नृत्य तथा निर्देशन रहेको गीतको भिडियोमा सुधीर श्रेष्ठ, विना रावत, श्रीस्वस्थानी तामाङ्ग लगायतको अभिनय रहेको छ । छायाकंन करन चैसीर, सम्पादन तथा कलर शिलन लम्सालले गरेका हुन् । 'खै त मायाले कुरा बुझेको' बोलको गीतलाई म्युजिक नेपालको युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको छ ।



# 'आ बाट आमा'मा रावत अनुबन्धित

**काठमाडौं/मस**–तेलुगु, हिन्दी र तमिल चलचित्रका अभिनेता प्रदीप रावत नेपाली फिल्म 'आ बाट आमा'मा अनुबन्ध भएका छन् । चन्द्र पन्तको निर्देशनमा बन्न लागेको यस फिल्ममा उनी अनुबन्ध भएका हुन् ।

निर्देशक पन्तले रावतलाई फिल्ममा अनुबन्ध गरेको जानकारी दिए । उनले भने, 'आ बाट आमा' मा प्रदीप रावतलाई अनुबन्ध गरेका छौं । उहाँ यो फिल्ममा पल शाहको बुबाको भूमिकामा हुनुहुने छ । नितान्त नेपाली लोकमा नेपाली स्टायलको भूमिका निवार्ह गर्दै हुनुहुन्छ ।'

नेपाली फिल्ममा काम गर्न आफू निकै उत्साहित रहेको रावतले बताए । रावतले यसअघि 'ह्रस्व दीर्घ'मा अभिनय गरेका छन् । जसमा अभिनेत्री नीता ढुंगानाको बुबाको भूमिका निर्वाह गरेका छन् । दर्शकले उनको यो चरित्रलाई मन पनि पराएका थिए । यस फिल्ममा भने उनी पलको बुबाको भूमिकामा अभिनय गर्न लागेका हुन् । निर्देशक चन्द्रले नै निर्देशन गरेको फिल्म 'माई' र 'ह्रस्वदीर्घ' मा पनि उनले अभिनय गरेका छन् ।

यस फिल्ममा यसअघि विपना थापा, पल शाह अनुबन्ध भइसकेका छन् । पन्तकै निर्देशनमा बनेको फिल्म 'ह्रस्वदीर्घ'बाट विपनाले १६ वर्षपछि नेपाली रजतपटमा पुनरागमन गरेकी थिइन् । उनै निर्देशक पन्तको दोस्रो फिल्ममा पनि सहकार्य गर्न लागेकी हुन् ।

अभिमन्यू निरवीले फिल्मको स्क्रिप्ट तयार पारेका हुन् । फिल्मको भदौबाट फ्लोरमा तयारी निर्माण पक्षको छ। फिल्ममा प्रदीप, विपना र पलका साथमा अन्य कलाकारलाई निर्माण पक्षले अनुबन्ध गर्दैछ । अन्य कलाकार र प्राविधिकको पनि टुंगो छिट्टै लाग्ने निर्देशक पन्तले बताए ।

थिम पोस्टर २ साता अघि सार्वजनिक भएको छ । निर्देशक पन्तले यो फिल्म आउँदो फागुन १५ गतेबाट प्रदर्शनमा आउने बताए ।

# आइकेओ क्युकोशिनकाई कराते डोजोको १३औं बेल्ट टेष्ट सम्पन्न

**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, ३१ जेठ

ललितपुरको नखिपोटमा सञ्चालित आइकेओ क्युकोशिनकाई कराते डोजोको १३ औं बेल्ट टेष्ट सम्पन्न भएको छ ।

आइकेओ क्योकुशिनकाई नेपालको प्रमुख डोजोमा नियमित प्रशिक्षणमा रहेका ४५ जना जुनियर खेलाडीहरूको बेल्ट टेष्ट शनिबार सम्पन्न भएको डोजोका प्रमुख प्रशिक्षक सेन्सेई समीर श्रेष्ठले जानकारी दिए ।

शुक्रबार र शनिवार भएको बेल्ट टेष्टमा प्रमुख प्रशिक्षक सेन्सेई समिर श्रेष्ठ, प्रशिक्षक सेन्सेई उत्तम स्थापित र सहायक प्रशिक्षक अमित घलान लामाले खेलाडीहरूको परीक्षा लिएका थिए । बेल्ट टेष्टमा सहभागीहरूमध्ये ३ जना सिनियर ब्राउन बेल्ट, ४ जना ब्राउन बेल्ट, ४ सिनियर ग्रीन बेल्ट, १० जना ग्रीन बेल्ट, ५ जना एल्लो, ६ जना ब्लु र १३ जना अरेन्ज बेल्टको परीक्षामा सहभागी भएको प्रमुख प्रशिक्षक सेन्सेई श्रेष्ठले जानकरी दिए ।




आइकेओ क्योकुशिनकाई नेपालका ब्रान्च चिफ शिहान दिपक लामाले बेल्ट टेष्टबाट खेलाडीहरूको क्षमता अनुसारको स्तर निर्धारण भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिन योग्य खेलाडीहरूको उत्पादन हुने बताए ।

प्रत्येक ३ देखि ४ महिनाभित्र बेल्ट टेष्ट हुने डोजोका प्रमुख प्रशिक्षक श्रेष्ठले बताए । २ दिनसम्म चलेको बेल्ट टेष्टमा खेलाडीहरूले पूर्ण अनुशासनमा रहेर खेलका सबै नियमहरू पालना गरेर बेल्ट परीक्षा उत्तीर्ण गरेका हुन् ।

स्वीडेनको हान्बुको इन्टरनेशनल कराते अर्गनाइजेशन क्योकुशिनकाईसँग आवद्ध इन्टरनेशनल कराते अर्गनाइजेशन क्युकोशिनकाई नेपालको मातहतमा रहेको केन्द्रीय डोजोको रूपमा सञ्चालित आइकेओ क्युकोशिनकाई कराते डोजोले हरेक वर्ष वार्षिक कार्यक्रमहरू तय गर्दै उत्कृष्ट खेलाडी तयार गर्दै आएको छ।

# चितवन क्रिकेट संघका अध्यक्ष पियाको निधन



**काठमाडौं/मस**-चितवन जिल्ला क्रिकेट संघ (क्यान) का अध्यक्ष सुदीप पियाको निधन भएको छ । भरतपुर महानगरपालिका-१ नारायणगढस्थित घरमै उनको मृत्यु भएको हो । क्यान चितवनका सचिव सुरज ज्ञवालीका अनुसार पियाको हृदयाघातका कारण मृत्यु भएको हो ।

४८ वर्षीय पिया २०८० साउनमा क्यान चितवनको अध्यक्षमा निर्वाचित भएका थिए । त्यसअघि उनी कार्यवाहक अध्यक्ष थिए । पियाले चितवनमा रही नयाँ क्रिकेट खेलाडी उत्पादन तथा यसको विकासका लागि महत्त्वपूर्ण कार्य गर्दै आएका थिए ।

उनले नारायणगढमा क्याफे पनि सञ्चालन गर्दै आएका थिए । विगतमा चितवनको सिनर्जी एफएममा सञ्चारकर्मीका रूपमा समेत उनी कार्य गरेका थिए ।

पियाका १ छोरा र १ छोरी छन् । मृतक पियाका भाई र आमा भारतबाट नेपाल आउँदै छन् । देवघाटमा उनको दाहसंस्कार गरिने सचिव ज्ञवालीले जानकारी दिए ।


## नबिल बैंक लिमिटेड, मकवानपुरगढी शाखा, मकवानपुरको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०३/०१)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१ **ऋणीको नाम र ठेगानाको विवरण**

पद्य सिद्धि लामाको नाती, कृष्ण सिद्धि लामाको छोरा, मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.न. २३११८ (जारी मितिः २०४९/०६/०८ स्थान मकवानपुर), भएका **यदु कुमार लामा ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. बिर बहादुर रुम्बाकी छोरी, कृष्ण सिद्धि लामाकी बुहारी, यदु कुमार लामाकी श्रीमती, मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.न. ३१३००९/४२ (जारी मितिः २०६३/१०/१० स्थान मकवानपुर), भएकी **बिमला लामा ।**
२. कृष्ण सिद्धि लामाको नाती, यदु कुमार लामाको छोरा, मकवानपुर जिल्ला, मकवानपुरगढी गा.पा. वडा नं. ०५ बस्ने, ना.प्र.न. ३१-०१-७४-१२९९९ (जारी मितिः २०७४/११/१० स्थान मकवानपुर), भएका **रोशन लामा ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं. ०४ बस्ने, **यदु कुमार लामा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मकवानपुर जिल्ला, घोप्टे आमभञ्ज्याङ गा.वि.स. वडा ०७ नक्सा सिट नं. ७ मा अवस्थित कि.नं. २४४८ को क्षेत्रफल ६-९-१-१ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२ **ऋणीको नाम र ठेगानाको विवरण**

गजब सिं स्याङतानको नाती, बहादुर सिं स्याङतानको छोरा, मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं.०४ बस्ने, ना.प्र.न. ३११००९/७३८२५ (जारी मितिः २०६७/०४/१७ स्थान मकवानपुर), भएका **बुद्ध लाल स्याङतान ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

छिरीङ लामा बलकी छोरी, बहादुर सिं स्याङतानकी बुहारी, बुद्ध लाल स्याङतानकी श्रीमती, मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.न. ३१-०१-७१-११७१६ (जारी मितिः २०७१/१२/१८ स्थान मकवानपुर), भएकी **धनमाया लामा बल (स्याङतान) ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं. ०४ बस्ने, **बुद्ध लाल स्याङतान** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मकवानपुर जिल्ला, घोप्टे आमभञ्ज्याङ गा.वि.स. वडा ०९ नक्सा सिट नं. ९ मा अवस्थित कि.नं. ६०० को क्षेत्रफल ५-३-३-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३ **ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०५/०४ मा दर्ता नं. २२१९०७/०७६/०७७ अन्तर्गत दर्ता भएको **गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. ।**
ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ०९ ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. तिल प्रसाद घिमिरेको नाती, हरि प्रसाद घिमिरेको छोरा, रौतहट जिल्ला डुमरीया गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. ७९६ (जारी मितिः २०५८/०८/०३ स्थान रौतहट), भएको **प्रदिप घिमिरे ।**
२. चन्द्रकान्त पौडेलकी छोरी, हरि प्रसाद घिमिरेकी बुहारी, प्रदिप घिमिरेकी श्रीमती, रौतहट जिल्ला च.पुर गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ३२२०८०/११५ (जारी मितिः २०६५/०४/१९ स्थान रौतहट) भएकी **मान कुमारी पौडेल ।**
३. शिवलाल गेलालकी छोरी, बलभद्र पौडेलकी बुहारी, चन्द्रकान्त पौडेलकी श्रीमती, रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.प. वडा नं. ०१ स्थायी घर भई हाल रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. १९२७ (जारी मितिः २०४६/०३/०१ स्थान रौतहट) भएकी **ओम कुमारी पौडेल ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. रौतहट जिल्ला डुमरीया गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ०२ बस्ने **प्रदिप घिमिरे** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला हटीया गा.वि.स. वडा नं. ०३ नक्सा सीट नं ३ मा अवस्थित कि.नं. २३०८ क्षेत्रफल १-०-१-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. रौतहट जिल्ला डुमरीया गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ०२ बस्ने **प्रदिप घिमिरे** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ०७ नक्सा सीट नं ७ मा अवस्थित कि.नं. ४९१२ क्षेत्रफल ०-१-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.प. वडा नं. ०१ स्थायी घर भई हाल रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ०४ बस्ने **ओम कुमारी पौडेल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ०१ नक्सा सीट नं १ मा अवस्थित कि.नं. क्रमश ५५६, ५५७ २९१६ क्षेत्रफल क्रमश ०-५-०-०, ०-५-०-० र ०-३-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरणः**
ऋणी **गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. वागमती प्रदेश ०१ ०२ ५च ९०१४ भएको MAHINDRA BOLERO CMPRDCPS-4WD

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


# टीबी शाह यु-१६को उपाधि मधेशलाई




**वीरेन्द्रनगर/मस**–टीबी शाह स्मृति यु-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा शनिबार भएको अन्तिम खेलमा बागमतीलाई ७ विकेटले हराउँदै मधेशले उपाधि जितेको हो । कर्णालीमा पहिलो पटक भएको १६ वर्षमुनिको टीबी शाह स्मृति प्रथम राष्ट्रिय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशले पहिलो ऐतिहासिक उपाधि जित्न सफल भएको हो ।

टस हारेर पहिला ब्याटिङको निम्ता पाएको बागमतीले निर्धारित ५० ओभरको खेलमा जम्मा ३३ ओभर मात्र खेल्दा सबै विकेट गुमाउँदै १ सय १२ को सामान्य स्कोर बनायो ।

बागमतीका लागि ओपनरद्वय सूर्यांशु कोइरालाले ७ बलमा १० जोड्दा प्रशिद्ध जैसी २५ रन बनाउँदै रन आउट भए ।

यस्तै, जवाफी ब्याटिङ उत्रिएको मधेशका लागि उपाधि दिलाउन ओपनर आयान मुखियाले ३३ बलको सामना गर्दै नटआउट २२ तथा पाँचौ अर्डरका सन्तु मण्डलले २२ बलमा ४३ रनको महत्वपूर्ण योगदान दिए ।

नेपाल क्रिकेट संघ (क्यान)को मुख्य आयोजना, कर्णाली प्रादेशिक क्रिकेट संघको सहआयोजना तथा सुर्खेत जिल्ला क्रिकेट संघको व्यवस्थापनमा जेठ १९ गतेदेखि सुरु भएको प्रतियोगितामा ७ प्रदेशका टिमहरूको सहभागिता थियो ।

# राष्ट्रिय टोलीको क्याम्पमा जोडिइन् पूजा



**काठमाडौं/मस**-नेपाली महिला फुटबल टोलीकी डिफेन्डर पूजा राना क्लोज क्याम्पमा सहभागी हुने भएकी छिन् । भुटानी महिला लिगमा ट्रान्सपोर्ट युनाइटेड क्लबबाट खेल्दै आएकी पूजा शिनबार काठमाडौं फर्किएकी हुन् ।

उनी अब नेपाली महिला टोलीको क्लोज क्याम्पमा जोडिने छिन् । पूजा भुटानी महिला लिगमा ट्रान्सपोर्ट युनाइटेड क्लबबाट खेल्दै आएकी थिइन् । उनी राष्ट्रिय टोली तथा नेपाल पुलिस क्लबको पनि सदस्य हुन् ।

उनले भुटानी लिगमा डेब्यु खेलमै गोल गरी उत्कृष्ट प्रदर्शन गरेकी थिइन् । नेपाली महिला टोलीले उज्बेकिस्तानमा गएर एएफसी वुमन्स एसियन कप क्वालिफायरका खेलहरू खेल्दैछ ।

नेपालले आफ्नो पहिलो खेल जुन २९ मा लाओससँग खेल्नेछ । यस्तै नेपालले श्रीलंकासँग जुलाई २ तथा उज्वेकिस्तानसँग जुलाई ५ मा खेल्नेछ । यस समूहको सबै खेल उज्वेकिस्तानमा हुनेछ ।

# प्राज्ना र अंशुलाई स्वर्ण



**काठमाडौं/मस**-काठमाडौं जिल्लाव्यापी बृहत् खेलकुदअन्तर्गत टेबलटेनिसमा काठमाडौं महानगरपालिका १७ की प्राज्ना महर्जन र काठमाडौं महानगरपालिका ११ की अन्शु खनालले शनिबार स्वर्ण जितेका छन् । गर्ल्स सिंगल्सको यु-१६ मा प्राज्ना र यु-१४ मा अंशु पहिलो भएका हुन् ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको यु-१६ फाइनलमा प्राज्नाले कीर्तिपुर नगरपालिकाकी मिचुली महर्जनलाई तीन सेट समान ११-८ मा पराजित गरिन् । काठमाडौं महानगरपालिका ६ की विद्रिसा मैनाली र तार्केश्वर नगरपालिकाकी श्रृष्टी बुढाथोकी संयुक्त रुपमा तेस्रो भए ।

काठमाडौं महानगरपालिका वडा २६ को आयोजनामा भइरहेको प्रतियोगिताको यु-१४ फाइनलमा अंशुले तार्केश्वरकी स्मृति गुरुङलाई ११-६, ११-३ र ११-८ को सोझो सेटमा हराइन् । काठमाडौं महानगरपालिका ७ की परिधि बस्नेत र कीर्तिपुरकी डेजी महर्जन तेस्रो बने ।

यु-१२ ब्वाइज सिंगल्समा काठमाडौं महानगरपालिका ३० का कृतन श्रेष्ठले स्वर्ण जिते । कृतनले फाइनलमा काठमाडौं महानगरपालिका २१ का सविक डंगोललाई ११-७, ८-११, ११-४ र ११-४ को सेटमा पाखा लगाए । काठमाडौं महानगरपालिका २५ का रेयान्श श्रेष्ठ र काठमाडौं महानगरपालिका २६ का डानियल महर्जनले कांस्य हात पारे । सो स्पर्धाको गर्ल्समा काठमाडौं महानगरपालिका १६ की यमिला श्रेष्ठले काठमाडौं महानगरपालिका २६ की तारा तामाङलाई सिधा सेटमा ११-५, ११-३ र ११-३ ले हराउदै स्वर्ण जितिन् । काठमाडौं महानगरपालिका २६ का सदिक्षा तामाङ र नेरिशा तामाङले कांस्य जिते ।

# दक्षिण अफ्रिकालाई पहिलोपटक विश्व टेस्ट च्याम्पियनसिपको उपाधि




**काठमाडौं/मस**–आइसीसी विश्व टेस्ट च्याम्पियनसिपको फाइनलमा दक्षिण अफ्रिकाले अष्ट्रेलियालाई ५ विकेटले पराजित गरेको छ ।

दक्षिण अफ्रिकाका लागि एडेन मार्करामले सर्वाधिक १३६ रन बनाए । मार्कराम बाहेक कप्तान टेम्बा बाभुमाले अर्धशतकीय इनिङ खेल्दै ६६ रन बनाए ।

अस्ट्रेलियाका लागि दक्षिण अफ्रिकाको दोस्रो इनिङमा तीव्र गतिका बलर मिचेल स्टार्कले सर्वाधिक ३ विकेट लिए ।

फाइनलमा टस जितेपछि दक्षिण अफ्रिकाले बलिङ रोज्दै अस्ट्रेलियालाई पहिले ब्याटिङका लागि निम्तो दियो ।

अष्ट्रेलिया पहिलो इनिङमा २१२ रनमा अलआउट भएको थियो भने जवाफमा दक्षिण अफ्रिकी टोली पहिलो इनिङमा केवल १३८ रनमा अलआउट भएको थियो ।

दोस्रो इनिङमा अफ्रिकी बलरहरूले पुनरागमन गर्दै अस्ट्रेलियालाई २०७ रनमा सीमित गरे । अस्ट्रेलियाका लागि मिचेल स्टार्कले सबैभन्दा बढी ५८ रन बनाए । यस अवधिमा कागिसो रबाडाले सबैभन्दा बढी ४ विकेट लिए । यसरी अष्ट्रेलियाले दक्षिण अफ्रिकालाई २८२ रनको लक्ष्य दियो र दक्षिण अफ्रिकी टोलीले ५ विकेट बाँकी रहँदै लक्ष्य हासिल गऱ्यो ।

यसअघि अष्ट्रेलियाले २०२३ मा र न्युजिल्याण्डले २०२१ मा आईसीसी विश्व टेस्ट च्याम्पियनसिपको उपाधि जितेको थियो । दुवै पटक भारतले फाइनलमा हार बेहोर्नु परेको थियो ।


**मलेसियामा रोजगार**

कम्पनीः TIME GUARDS SDN. BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०२/३० चलानी नं.: ६०२३५४७७ LT. No.:325545

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Security Guards | 68 | 0 | स. काममा दक्ष | 1700 | ५५,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ८ गते (22 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1678/080/081

BRIGHT OCEAN OVERSEAS PVT. LTD.
Bouddha-06, Kathmandu, Nepal brightoceanoverseas@gmail.com
01- 5918674 | 5918675 | 9806743523 | 9706011847

# अनलाइन कारोबारले फस्टाउँदै छ कुरियर व्यवसाय

**दुर्गा प्रसाद सुवेदी 'दिपेश'**, अध्यक्ष, नेपाल कुरियर सेवा संघ



नेपालमा पछिल्लो समय कुरियर व्यवसाय फस्टाउँदो गतिमा छ । कुरियर व्यवसायले घर-घर पुगेर छिटो र भरपर्दो सेवा दिइरहेको अवस्था छ । प्रविधिको साथ पाएको कुरियर व्यवसाय छिटो सामान डेभिभरीको लागि उपयुक्त क्षेत्र बनेको छ । डिजिटल मार्केटिङ, इ-कमर्स र अनलाईन कारोबार बढ्दै जाँदा कुरिएर व्यवसायको व्यापारले छलाङ मारेको छ । कुरियर सेवामा आम नागरिकमा देखिएको विश्वसनीयतासँगै व्यापारलाई समेत चलायमान गराइरहेको अवस्था छ । तर, पछिल्लो समय साना कुरियर व्यवसायीलाई अन्तर्राष्ट्रिय ठूला कुरियर व्यवसायीसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ । कुरियर व्यवसायीको अवस्था, समस्या र अवसरको विषयमा नेपाल कुरियर सेवा संघका अध्यक्ष **दुर्गा प्रसाद सुवेदी "दिपेश"** सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।

**नेपालको कुरियर सेवाको व्यावसायिक अवस्था कस्तो छ ?**

अहिले नेपालको कुरियर सेवा बिगतको भन्दा निकै नै बढी व्यावसायिक बनेको छ । पहिला कुरियर सेवा भनेको सञ्चारको रुपमा मात्र हेर्ने गरिथ्यो । तर, अहिले निकै नै परिवर्तन आएको छ । अहिले कुरियर द्रुत डेलिभरीको माध्यमको रूपमा विकसित भएको छ।

अहिले कुरियर सेवा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायको अभिन्न अंगको रूपमा अगाडि बढेको छ । व्यापार व्यवसायलाई विस्तार गर्नका लागि समेत अहिले कुरियर सेवाको महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

**कुरियरको सेवाले व्यवसायलाई कसरी विस्तार गरेको छ ?**

कुरियर सेवा अहिले व्यवसायको लागि नङ र मासुको जस्तै सम्बन्धको रूपमा विकास भएको छ । पहिलो पहिलो चिठ्ठीपत्र आदान प्रदानमा सिमित रहेको व्यवसाय अहिले सामान तथा वस्तु आदान प्रदानमा काम भइरहेको अवस्था छ । अहिले डिजिटल मार्केटिङ, इ-कमर्स र अनलाईन कारोबारमा कुरियर सेवालाई भरपर्दो सेवाको रूपमा लिइन्छ। अहिले जसरी व्यवसाय अनलाईन कारोबार तर्फ मोडिएका छन् त्यसले कुरियर सेवा फस्टाउन सहयोग गरेको छ। अहिले आम नागरिकलाई फुर्सद कम र सहज सेवाको पाउने बानी बढ्दै जाँदा कुरियर डेलिभरी सेवाको व्यवसाय विस्तार भइरहेको छ। अनलाईनको विकासले गर्दा कुरियर क्षेत्र अगाडि गएको छ ।

अहिले व्यवसाय गर्नका लागि एकै स्थानमा बस्न पर्छ भन्ने छैन । नेपालको जुनसुकै स्थानमा बसेर पनि व्यवसाय गर्ने वातावरण कुरियर सेवाले गराईरहेको छ। पछिल्लो युवा पुस्तामा अनलाइनको कारोबार तर्फ केन्द्रित भइरहेको अवस्था छ। अनलाईन कारोबार बढ्दा कुरियर क्षेत्रको लागि अवसरको रुपमा लिन सकिन्छ।

अहिले व्यवसाय कहाँ छ भन्दा पनि आफुलाई चाहिएको सामान कहाँ पाइन्छ भन्ने खोजी हुन्छ । डेलिभरी सर्भिस सेवा आएको परिवर्तनले सामानहरू घरमै आउन सक्ने अवस्थाले कुरियर व्यवसायको विस्तार हुँदै गएको छ ।

**कुरियरबाट डेलिभरी मागको अवस्था कस्तो छ ?**

पछिल्लो समय कुरियरबाट डेलिभरीको माग बढ्दो छ। लत्ताकपडादेखि खाद्यान्नसमेत बजारमा गएर किन्ने भन्दा अनलाइन खरिद गर्नेको संख्या बढ्दो छ। बजारमा गएर किन्ने भन्दा घरमै जसले ल्याइदिन्छ त्यहिँबाट समान खरिद गर्ने अभ्यास छ ।

अहिले आफ्नो व्यवसाय विस्तारको लागि समेत डेलिभरी गर्नु पर्ने अवस्था छ । डेलिभरी नदिने व्यवसायीको व्यापार घट्ने हुँदा व्यवसाय गर्नेहरू समेत अनलाइन डेलिभरीमै केन्द्रित भएको देखिन्छ ।

होम डेलिभरी तर्फ उपभोक्ताको रोजाइमा पर्दा त्यसको फाइदा कुरियर सेवा आएको छ ।

नेपालमा व्यवसाय फस्टाउने बित्तिकै कुरियरको व्यवसाय समेत फस्टाउँछ । विशेषगरी कोरोना महामारीपछि नेपालको अनलाइन व्यापारमा देखिएको परिर्वतनले कुरियर व्यवसाय अझ भरपर्दो बन्दै गएको छ। अहिले व्यवसायमा डेलिभरी अनिवार्य बनेको छ ।

**नेपाली कुरियर व्यवसायी राष्ट्रिय र अन्तर्राष्ट्रिय डेलिभरी दिन कति सक्षम छन् ?**

नेपाली कुरियर व्यवसायीले पूर्व मेचीदेखि पश्चिम महाकाली र विश्वका अधिकांश राष्ट्रहरू कुरियर सेवा दिन सक्षम छन्। कुरियरको विकासले नेपालमा उत्पादन भएका वस्तुहरू विश्वभर नै पु¥याउन सहज भएको छ । अहिले विदेशमा बस्ने नेपालीको संख्या धेरै छ । विदेशमा बस्ने नेपालीहरू अहिले अनलाइनबाट सामान खरिद गरिरहेको अवस्था छ ।

विदेशमा नेपाली वस्तुको माग बढेको छ । नेपालबाट विदेशमा नेपाली सामान पुऱ्याउने काम कुरियर व्यवसायीले गरिरहेका छन्। पछिल्लो समय अन्तर्राष्ट्रिय कुरियर समेत बढीरहेको छ त्यसले नेपालका व्यवसायलाई समेत फाइदा भइरहेको अवस्था छ ।

साथै, अनलाइन डेलिभरी बढ्नुमा समय र मानिसमा आइरहेको अल्छीपना समेत हो। पछिल्लो समय समान पठाउँदा कार्गो मार्फत् हुन्थ्यो भने अहिले छिटो सर्भिस दिनुपर्ने भएकोले कुरियर सेवालाई दिने गरेको पाइन्छ । पहिला कार्गो ९० प्रतिशत हुदाँ १० प्रतिशतमात्र कुरियर हुन्थ्यो तर अहिले कुरियर ४० प्रतिशत व्यापार ओगटेको छ। यसले के देखाउँछ भने आगामी दिन कुरियर व्यवसाय अझै विस्तार हुन्छ ।

**कुरियर व्यवसायमा विश्वास कति गर्न सकिन्छ ?**

कुरियर व्यवसाय अति नै विश्वनीय छ । प्रविधिको विकाससँगै कुरियर गरेपछि कहाँ आइपुग्यो भन्ने सम्मको जानकारी प्राप्त गर्न सकिन्छ। अहिले कुरियर प्राप्त गर्नको नम्बर, लोकेसनदेखि फोटो भिडियोसम्मको जानकारी दिन सकिन्छ । त्यसैलै कुरियर व्यवसाय भरपर्दो बनिरहेको छ ।

कुरियर सेवा यति छिटो भएको छ की कुरियर सेवाले गर्दा साना व्यवसायीको व्यापारमा असर गरिरहेको छ । अन्तर्राष्ट्रिय कुरियर सेवाले सानो लगानीमा खुलेको कुरियर व्यवसायलाई असर भने धेरै नै गरिहेको अवस्था छ। ठूला व्यवसायीले साना व्यवसायीलाई मर्ज गराउने प्रवृत्ति यो क्षेत्रमा धेर नै छ। अहिले देशमा करिब एक हजार भन्दा कम्पनीले कुरियर सेवामा दिइरहेका छन् । कुरियर व्यवसाय घरको दैलोदैलोसम्म पुग्ने भएकोले यसको सेवालाई गुणस्तरीय र भरपर्दो बन्दै गएको छ । प्रविधिमा आएको विकासले कुरियर क्षेत्र नै फस्टाइरहेको छ भने विश्वनीयता समेत बढ्दै गएको छ ।

## असारमा व्यक्तिगत मुद्दतीतर्फको ब्याजदर घट्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ

असार महिनाका लागि वाणिज्य बैंकहरुले मुद्दती निक्षेप तर्फको ब्याजदर घटाएका छन् । बैंकहरुले शनिबार सार्वजनिक गरेको मासिक ब्याजदर तालिका अनुसार जेठ महिनाको तुलनामा असार महिनाका लागि अधिकांश वाणिज्य बैंकले ब्याजदर घटाएका छन् भने केही बैंकले ब्याजदर बढाएका छन्।

जेठ महिनामा वाणिज्य बैंकमा व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर औसत ५.९५२ प्रतिशत रहेकोमा असार महिनामा ०.०५ प्रतिशत विन्दुले घटेर ५.९०२ प्रतिशतमा पुगेको छ । सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकमध्ये १५ वटाले जेठ महिनाकै ब्याजदरलाई निरन्तरता दिँदा ५ बैंकहरूले ब्याजदर घटाएसँगै औसत ब्याजदर पनि घट्न पुगेको हो ।

असार महिनाका लागि कृषि विकास बैंक, कुमारी बैंक, एनएमबि बैंक, एभरेष्ट बैंक र एनआईसी एशिया बैंकले जेठ महिनाको तुलनामा व्यक्तिगत मुद्दतीतर्फको ब्याजदर घटाएका छन् । ब्याजदर घटाएपनि असार महिनामा व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर एभरेष्ट बैंक र एनआईसी एशिया बैंकमा सबैभन्दा बढी छ । यी दुवै बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपमा ६.५५ प्रतिशतका दरले ब्याजदर प्रदान गर्ने भएका छन् ।

तर, कृषि विकास बैंक र नेपाल बैंकमा भने सबैभन्दा कम ब्याजदर रहेको छ । यी दुई बैंकहरूले असार महिनाका लागि व्यक्तिगत मुद्दतीतर्फ अधिकतम ५.४५ प्रतिशत ब्याजदर तोकेका छन् ।

असार महिनाका लागि संस्थागत मुद्दतीतर्फको ब्याजदर कृषि विकास बैंकले बढाएको छ भने कुमारी, एनएमबि, प्राइम कमर्सियल, स्टान्डर्ड चाटर्ड, एनआईसी एशिया र एभरेष्ट बैंकले भने घटाएका छन्। वाणिज्य बैंकहरूमा जेठ महिनाको तुलनामा असार महिनामा संस्थागत औसत ब्याजदर ०.०१७ प्रतिशतले घटेको छ ।

## ग्वार्को फ्लाई ओभरको संरचना निर्माण सम्पन्न

**काठमाडौं/मस** – ललितपुरको ग्वार्कोस्थित फ्लाई ओभरको मुख्य संरचना निर्माण सम्पन्न भएको छ । फ्लाई ओभरको शनिबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालसहित सडक विभागको नेतृत्वले स्थलगत निरीक्षण गरेको छ ।

निरीक्षणका क्रममा मन्त्री दाहालले फ्लाई ओभर निर्माण नौलो अभ्यास भएकाले केही ढिला भएको बताए । अन्य निर्माणाधीन योजना तथा आयोजनाहरू पूरा गराउन मन्त्रालयले प्राथमिकता दिएको उनले जनाए। सडक विभागका महानिर्देशक डा विजय जैसीले मुख्य संरचनाको निर्माण पूरा भएको भन्दै केही दिनभित्रमा सार्वजनिक यातायात सञ्चालन गरिने जानकारी दिए ।

सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका प्रमुख दीप बाराहीले अब फ्लाई ओभरको मध्य भागमा 'डिभाइडर' राख्ने र केही सामान्य कामहरू बाँकी रहेकाले यथाशीघ्र सञ्चालनमा आउने विश्वास व्यक्त गरे। तेइस दिन भित्रै बाँकी काम पूरा भएपछि यातायात सञ्चालनका लागि खुला गरिने उनले जानकारी दिए ।

पूर्वनिर्धारित समयमा निर्माण पूरा हुन नसकेपछि मन्त्री दाहालले पटकपटक निरीक्षण र अनुगमन गरेपछि तीव्र गतिमा काम गर्न निर्देशन दिएका थिए। सो फ्लाई ओभर सञ्चालनमा आएपछि कोटेश्वर तथा ग्वार्को क्षेत्रको यातायात सञ्चालनमा सहज हुने अपेक्षा गरिएको छ ।


### योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिबद्धता"

नेपाल सरकार
विज्ञापन बोर्ड


## देशविदेशमा नेपाली खाना प्रवर्धन गर्दै 'सेफ' कँडेल

**काठमाडौं/रासस–** जापानमा लामो समय 'सेफ' रहेका अन्तर ाष्ट्रिय सेफ घनश्याम कँडेल नेपाली खाना विश्वका विभिन्न मुलुकमा प्रवर्धनमा क्रियाशील छन् । उनी नेपाली खानाको विश्वव्यापी प्रवर्धन अभियानमा लागेका छन् ।

बागलुङको काठेखोला-६ का कँडेल कुनै समय जापानमा नेपाली परिकारको प्रवर्धनमा लागेका थिए। जापानको अनुभव अहिले विश्वका विभिन्न देशमा नेपाली खानाको प्रवर्धनमा उनी जुटिरहेएका छन् । भारत, जापान, अमेरिका, क्यानडा तथा अन्य मुलुकको भ्रमण गरी नेपाली खानाको प्रचार अभियानमा सक्रिय छन् ।

सेफ कँडेलले हालै पाककलासम्बन्धी विश्वस्तरीय पुस्तक 'टिमुर' प्रकाशन गरेका छन्। अर्का सेफ दुर्गा खड्कासँगको सहलेखनमा उनको भोजनलिपि 'कुकबुक' प्रकाशोन्मुख छ । उनले स्वदेश तथा विदेशमा गरी ४० भन्दाबढी रेस्टुराँमा सयौं सेफलाई आफ्नो ज्ञान तथा सीप सिकाएका छन् । उनी पुस्तक लेखन र कार्यक्रममार्फत् हजारौँलाई पाककलाको ज्ञान बाँड्ने अभियानमा छन् ।

सेफ कँडेल र खड्काको पाककलामा आधारित भोजनलिपि अभियानअन्तर्गत अहिले देशका विभिन्न जिल्लाबाट नेपाली खाना संकलन गरी व्यावसायिक प्रवर्धनमा जुटेका छन् । पाककलामा नाम कमाएका गोविन्द नरसिंह केसी,



गणेश ढकाल, लक्ष्मणप्रसाद भण्डारी, शिवहरि घिमिरे र नयाँपुस्ताका पूर्ण श्रेष्ठ, अजुवी चाम्लिङ, इड्वा सुब्बालगायत विभिन्न सेफहरुसँगको अनुभव आदानप्रदानले पनि भोजनलिपि स्वाद कार्यक्रमलाई थप प्रभावकारी बनाएको छ । उनीहरूसँगको सहकार्यले नेपाली खाना प्रवर्धन अभियानले छोटो समयमै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति कमाएको छ ।

विगत १८ वर्षको दौरानमा जापानमै मात्र आधा दर्जनभन्दा बढी रेस्टुराँ सञ्चालन गरी यस क्षेत्रको उच्च अनुभव उनले सँगालेका छन्। जापानिज, इण्डियन, थाइ र नेपाली परिकारलाई फ्यूजन गरी परम्परागत परिकारलाई आधुनिक शैलीमा नवीन एवं सृजनात्मक ढंगले प्रस्तुत गर्दै तिनीहरूको मौलिकता कायम राख्न पनि खप्पिस छन् ।


### विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस मध्यान्ह मिडिया प्रा. लि. मार्फत मध्यान्ह राष्ट्रिय दैनिकलगायत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति २०८२ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने समेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह मिडिया प्रा. लि.**

**गोगंबु, काठमाडौं**

Email: ad.madhyanha@gmail.com



कर्णाली प्रदेश सरकार

### भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
### पूर्वाधार विकास निर्देशनालय
### पूर्वाधार विकास कार्यालय

हुम्ला

**"कवाडी – मासपुर – सैना – मुचु सडक (२२ कि. मी) स्तरोन्नति" कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारी सम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना**

**प्रकाशित मितिः २०८२/03/0१**

पूर्वाधार विकास कार्यालय, सिमकोट, हुम्ला, कर्णाली प्रदेशद्वारा प्रस्तावित कर्णाली प्रदेशको हुम्ला जिल्ला, ताँजाकोट गाउँपालिका (गा.पा.) वडा नं. १ मा रहेको "कवाडी - मासपुर - सैना - मुचु सडक (२२ कि.मी.) स्तरोन्नति" कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको सिलसिलामा सार्वजनिक सुनुवाइ कार्यक्रम निम्न स्थान, मिति र समयमा आयोजना गरिने भएकाले प्रस्तावित आयोजनाले वातावरणमा पार्न सक्ने प्रभावहरुको सम्बन्धमा स्थानीय बासिन्दा, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, सम्बन्धित वडाका जनप्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरू, सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई यस कार्यक्रममा उपस्थित भई आफ्ना राय-सुझाव तथा प्रतिक्रिया उपलब्ध गराईदिनुहुन यो सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरण**

| स्थान | मिति | समय |
|---|---|---|
| ताँजाकोट गाउँपालिका (गा.पा.) वडा नं. १ को कार्यालय | २०८२/०३/०५ | दिउँसो ५ बजे |

**आयोजक**

| परामर्शदाता | प्रस्तावक |
|---|---|
| नामः सिभिल क्रिएसन्स नेपाल प्रा. लि.<br>ठेगाना: बुद्धभूमि न.पा. ८, हरिहरपुर, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल<br>सम्पर्क नम्बर: ९७६९२१२८५८<br>इमेल: civilcreationsnepal@gmail.com | नाम: पूर्वाधार विकास कार्यालय<br>ठेगाना: सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल<br>फोनः +९७७-०८७६८०२४९<br>ईमेलः idohumla@gmail.com |



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**